विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुन सक्ने भएकाले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ०६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 22 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२२

## मधेसमा पैदल अनुसन्धान पुस्तकमाथि छलफल

# मधेसको वास्तविक समस्या समेटिएन

प्रस, परवानीपुर, ५ साउन/

विगत लामो समयदेखि अनुसन्धान र पुस्तक प्रकाशनमा सक्रिय रहेको मार्टिन चौतारीको आयोजनामा वीरगंजमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

सत्याग्रहको सहकार्यमा वीरगंज कलेजमा आयोजित छलफल दुई सत्रमा समापन भएको थियो । मधेस प्रदेशका आठ जिल्लाकै विषयवस्तुलाई एक वर्ष लगाएर अनुसन्धान गरी १२ वटा अनुसन्धानमूलक पुस्तक 'मधेस प्रदेशमा पैदल अनुसन्धान' पुस्तकमाथि पहिलो सत्रमा छलफल भएको थियो भने दोस्रो सत्रमा 'नेपालमा सङ्घीयता कार्यान्वयनका सात वर्ष : मधेसको दृष्टिकोण'बारे छलफल चलेको थियो ।

सत्याग्रहका चन्द्रकिशोर झाको अध्यक्षता एवं मार्टिन चौतारीका सम्पादक सोहनप्रसाद साहको सहजीकरणमा पहिलो सत्रमा पुस्तकको विषयमा वीरगंज कलेजका प्रधानाध्यापक विनोद गुप्ता, सोही कलेजका अध्यक्ष डा दीपेन्द्र चौधरी, पटेर्वासुगौली गापाकी उपाध्यक्ष ममता महतो, अधिवक्ता प्रतिमा चौरसियाले टिप्पणीसहित पुस्तकका कमीकमजोरीबारेमा धारणा व्यक्त गरेका थिए । २८४ पृष्ठ लामो पुस्तकमा द्वितीय विधिबाट प्राप्त सूचनाको आधारमा १२ वटा अनुसन्धानमूलक पुस्तकले मधेसको



वास्तविक समस्यालाई सम्बोधन नगरेको र मधेसको शिक्षा, स्वास्थ्य एवं वीरगंजको अर्थतन्त्र एवं बजेट वितरण, सुशासन, भ्रष्टाचारको ग्राफ देखाउने अनुसन्धानमूलक लेख नसमेटिएकाले त्यसतर्फ मार्टिन चौतारीले ग्रासरूटबाट अनुसन्धान अघि बढाउनुपर्ने वक्ताहरूले सुझाव दिएका थिए ।

'नेपालमा सङ्घीयता कार्यान्वयनका सात वर्ष : मधेसको दृष्टिकोण' विषयमा वीरगंजका वरिष्ठ अधिवक्ता रामेश्वर सेढाईं र अधिवक्ता पन्नालाल गुप्ताले आआफ्नो विश्लेषनात्मक धारणा राखेपछि सहभागीहरूको लागि मञ्च खुल्ला गरिएको थियो ।

छलफल कार्यक्रममा वरिष्ठ अधिवक्ता सेढाईंले सङ्घीयता कार्यान्वयनमा निकै चुनौती देखिएको बताए । सातवटा प्रदेशमध्ये मधेसमा मात्रै एउटा सरकारले पाँच वर्षे कार्यकाल पुरा गरेको र अन्य प्रदेशमा सरकार बनाउने र खसाउने काम मात्रै भएको बताएका थिए । उनले कर्मचारी समायोजन गर्न नसकेको, सङ्घीय प्रहरी र प्रदेश प्रहरी समायोजन नभएको,

(बाँकी अन्तिम पातामा)

# स्व नरेश सर्राफ पत्रकारिता पुरस्कारको लागि रु १० लाख परिवारको लालनपोषणको लागि रु पाँच लाख सहयोग

प्रस, वीरगंज, ५ साउन/

वीरगंज महानगरपालिकाले युवा पत्रकार स्व नरेश सर्राफको छोरीको पठनपाठन, भरणपोषणका लागि र स्व नरेश सर्राफ क्रियाशील पत्रकारिता पुरस्कारको लागि १५ लाख राशि उपलब्ध गराएको छ ।

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाले पत्रकार सर्राफको स्मृतिमा स्थापना गरेको स्व नरेश सर्राफ स्मृति क्रियाशील पत्रकारिता पुरस्कारको अक्षयकोषको लागि रु १० लाख उपलब्ध गराएको छ । नगरप्रमुख राजेशमान सिंहको उपस्थितिमा सांसद प्रदीप यादवले पर्सा शाखा अध्यक्ष अनुप तिवारीलाई सो रकम बराबरको चेक शुक्रवार हस्तान्तरण गरे ।

यसैगरी, स्व सर्राफकी छोरी श्रेया सर्राफको पठनपाठन तथा भरणपोषणका लागि पाँच लाख रुपैयाँको चेक हस्तान्तरण गरिएको थियो । श्रेयालाई सांसद प्रदीप यादव र नगरप्रमुख सिंहले


तस्वीरः सौजन्य

चेक हस्तान्तरण गरेका थिए । सांसद यादवले स्व सर्राफको परिवारलाई थप सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

यसैगरी, नगरप्रमुख सिंहले स्व सर्राफको निधनपश्चात् परिवारको बिचल्ली नहोस् भनेर आफूले हरसम्भव सहयोग गरेको र आगामी दिनमा पनि सहयोग निरन्तर जारी रहने आश्वासन दिए । कार्यक्रममा नगरप्रमुखका प्रेस सल्लाहकार महेश दास, पत्रकार महासङ्घ, पर्साका कोषाध्यक्ष सञ्जीव मिश्र र नगरप्रमुखका सचिवालय सल्लाहकार सत्यराज घिमिरेलगायतको सहभागिता थियो ।

# प्रहरी अधिकृतमाथि कारबाईको माग गर्दै प्रदर्शन

प्रस, वीरगंज, ५ साउन/

नेपाली काङ्ग्रेस, बाराले जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख होबिन्द्र बोगटीसहित प्रहरी अधिकृतमाथि कारबाई र सरुवा माग गरेको छ ।

नेका, बाराका सचिव भैयाराम यादवलाई गत सोमवार राति जिल्ला प्रहरी कार्यालय, परिसरमा प्रहरीले कुटपिट गरेको थियो ।

प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डे र प्रहरी निरीक्षक रूपेश साहले बारा काङ्ग्रेसका सचिव यादवलाई कुटपिट गरेको, थुनेर मानसिक यातना दिएको नेका, बाराको आरोप छ ।

बारा काङ्ग्रेसले सो कार्य प्रउ बोगटीको निर्देशनमा गरिएको भन्दै दुई प्रहरी अधिकृतको निलम्बन, कारबाई र प्रउ बोगटीको सरुवा माग गर्दै बिहीवारदेखि प्रदर्शन गरेको हो ।

हिजो प्रदर्शन गरेको बारा काङ्ग्रेसले आज शुक्रवार पनि प्रदर्शन गरेको छ ।



तस्वीरः सौजन्य

यसअघि बुधवार प्रमुख जिल्ला अधिकारी नवराज सापकोटालाई सचिव यादवसँग गरिएको दुर्व्यवहारबारे ध्यानाकर्षण गराएको थियो ।

तीन साताअघि कलैया-बघवन सडकमा भएको सवारी दुर्घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, बारामा छलफलका लागि गएका नेका, बाराका सचिव यादवमाथि प्रहरी कार्यालयमा दुर्व्यवहार गरिएको थियो । प्रहरीले घटनालाई सबै पञ्चले बिगारेको र उनीहरू दलाल भएको शब्द उच्चारण गरेपछि यादवले सोको विरोध गर्दा प्रहरीले कुटपिट गरेको थियो ।

# मिटरब्याजी प्रकरणः निवेदक नै भाग्न थाले

प्रस, वीरगंज, ५ साउन/

पर्सा र बारामा मिटरब्याजीविरुद्ध निवेदन दर्ता गराएका निवेदकहरू नै अहिले बेपत्ता हुन थालेपछि मुद्दा छिनोफानो प्रक्रियामा समस्या हुन थालेको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्सामा निवेदन दर्ता गराएका निवेदकहरूलाई बोलाउँदा नआउने गरेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी नायब उपरीक्षक पुरुषोतम पाण्डेले बताए ।

नेपाल सरकारले मिटरब्याजी सम्बन्धी जिल्लामा गठित न्याय समितिलाई दुवै पक्षलाई बोलाइ मुद्दा छिनोफानो निर्देशन गरेको छ । निवेदकका माग अनुसार तथा पीडकसँग सहमति गराए पनि साहुलाई दिनुपर्ने रकम निवेदकसँग नभएपछि उनीहरू बेपत्ता हुन थालेका प्रनाउ पाण्डेले बताए । उनले पहिला पीडक बेपत्ता हुने गरेकामा अहिले पीडित भनिनेहरू बेपत्ता भएका बताए ।

उनले आर्थिक अवस्था कमजोर



तस्वीरः फाइल

भएकाले ऋण लिने र तिर्न नसकेपछि मिटरब्याजीविरुद्ध निवेदन दिने गरेको बताएका छन् । ऋण लेनदेन गर्ने दुवै पक्षलाई बोलाएर छलफल गराइ बाँकी तिर्नुपर्ने रकम तिर्न भनेपछि पीडित भनिएकाहरू नै बेपत्ता हुन थालेका बताए ।

पीडित भनिएकाहरूले नै मिटरब्याजीविरुद्ध उजूरी दिएपछि अहिले गाउँमा सरसापटी तथा ऋण पाइने गरिएको छैन । प्रनाउ पाण्डेले मिटरब्याजीसम्बन्धी मुद्दामा निवेदन पर्नुअघि नै अदालतले टुङ्गो लगाएको विषय पनि अहिले थप चुनौती बन्ने गरेको बताए । दुःख दिने नियतले पनि धेरैले साहुविरुद्ध मिटरब्याजीको आरोप लगाउँदै निवेदन दिने गरेका उनले बताए ।

# जिप्रका, सर्लाहीको हिरासतमा महिलाको मृत्यु

नितेश कर्ण, वीरगंज, ६ साउन/

जिल्ला प्रहरी कार्यालय, सर्लाहीको हिरासतमा रहेकी एकजना महिलाको मृत्यु भएको छ ।

चक्रघट्टा गाउँपालिका-८ की ४० वर्षीया हजरत खातुनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक कैलाश राईले बताएका छन् ।

बिहीवार राति १० बजे खातुनले शौचालयमा आत्महत्याको प्रयास गरेको प्रनाउ राईले बताए । प्रादेशिक अस्पताल मलङ्गवामा महिलालाई लैजाँदा उनको मृत्यु भइसकेको उनले बताए ।

साउन १ गते साँझ ७ बजे मलङ्गवा नपा-८ झिलिमिलियामाईनजीकै नेपाल-भारत सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको रु पाँच लाख चार हजार र ५७७ ग्राम चाँदीसहित चक्रघट्टा


स्व हजरत खातुन

गाउँपालिका-८ का ३२ वर्षीय रामकेवल राय र सोही ठाउँकी ४० वर्षीया हजरत खातुनलाई पक्राउ गरेको थियो ।

प्रहरीले उनीहरूलाई बुधवार भन्सार कार्यालय, मलङ्गवामा बुझाएको थियो । मलङ्गवा भन्सारले बिहीवार हजरत खातुनलाई रु तीन लाख ३९ हजार धरौटी तोकेकोमा खातुनले धरौटी तिर्न नसकेपछि जिल्ला प्रहरी कार्यालय, मलङ्गवाको हिरासतमा पठाएको थियो ।

हिरासतमा रहेकी खातुनले बिहीवार राति शौचालयमा गई सलको पासो लगाइ आत्महत्याको प्रयास गरेको ड्युटीमा रहेका प्रहरीले थाहा पाएपछि उपचारका लागि प्रादेशिक अस्पताल, मलङ्गवा पुऱ्याएकोमा त्यहाँ चिकित्सकले मृत घोषणा गरेको थियो । प्रनाउ राईले घटनाको अनुसन्धान भइरहेको बताएका छन् ।

# समयमा मल पाएपछि कृषिकर्म गर्न किसानलाई सहज

ओमप्रकाश चौधरी, सेढवा, ५ साउन/

वर्षेबाली धानबालीका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदानको रासायनिक मल किसानहरूले समयमा पाएका छन् ।

साल्ट ट्रेडिङ कम्पनी लिमिटेड र कृषि सामग्री कम्पनी लिमिटेडले किसानहरूलाई समयमैं रासायनिक मल उपलब्ध गराएपछि किसानहरूलाई कृषिकर्म गर्न सहज भएको छ ।


रोपाइँ गरिएको खेतमा मल छर्दै किसान । तस्वीरः प्रतीक

धान रोपाइँको दुई सातासम्म छरिने डिएपी र युरिया मल यसपालि किसानहरूले सहजै पाएका हुन् । हरेक वर्ष रासायनिक मलका लागि समस्या झेल्दै आएका तथा भारतीय बजारमा निर्भर हुँदै आएका यहाँका किसानहरूले स्थानीय कृषि सहकारी संस्थाबाट मल पाउँदा धान रोपाइँमा सहयोग मिलेको बताएका छन् ।

जगरनाथपुर गाउँपालिका-१ का रमेश महतो थारूले यसपटक सहजै रासायनिक मल पाउँदा भारतीय बजारमा कमसल तथा कम तौलको मल किन्नु

(बाँकी अन्तिम पातामा)

### विचारसार र सूक्तिहरू

**मदत गर्न धनको मात्र आवश्यकता पर्दैन, राम्रो मन भए पुग्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पिउने पानीको हाहाकार

**बढ्दो गर्मीका कारण तराई क्षेत्रको जनजीवन निकै प्रभावित भएको छ । यसपटक वैशाख महीनादेखि नै तराई क्षेत्रमा गर्मीले जनजीवन प्रभावित पार्दै आएको छ र अहिले साउन शुरू हुँदासम्म वर्षा हुन नसकेर ठाउँ–ठाउँमा पिउने पानीको समेत हाहाकार मच्चिएको छ । तराई क्षेत्रमा गर्मी नयाँ नौलो कुरा भने होइन । तर विगतका वर्षका तुलनामा यस वर्षको अध्यधिक गर्मीले जनजीवनलाई निकै प्रभावित पारेको छ । गर्मीका कारण शैक्षिक संस्था प्रभावित बनेका छन् । पर्सा जिल्लाको हकमा पालिकाहरूले अत्यधिक गर्मी भएपछि वर्षे बिदामा समायोजन हुनेगरी दुई साताका लागि एक महीनाअघि नै बिदा दिएका थिए । तर यो अवधिमा पनि वर्षा हुन सकेको छैन र गर्मीले विद्यार्थीहरू मूर्छित हुने क्रम बढेको छ । महानगरका कतिपय सामुदायिक विद्यालयमा छात्रछात्राहरू मूर्छित परेका घटना बाहिरिएका छन् । जल तथा मौसम पूर्वानुमान महाशाखाले यस वर्ष गत वर्षको तुलनामा वर्षा कम हुने जनाइसकेको छ । वर्षा हुने समयमा पनि अहिलेसम्म पानी नपर्दा किसानहरूले लगाएका धानको बीउ खेतमैं सुकिरहेका छन् । यस वर्ष अधिकतम तापक्रम ४३ डिग्री सेल्सियससम्म मापन भएको छ । पर्सामा यो निकै बढी हो । विगतका वर्षहरूमा ४१ डिग्री सेल्सियससम्म मापन गरिएको थियो । केही दिनदेखि वर्षा हुने सङ्केत मिले पनि वर्षा हुनै सकेको छैन ।**

**समयमा वर्षा हुन नसक्दा अस्पताल, स्वास्थ्य चौकीहरूमा बिरामीहरूको चाप बढ्दो छ । यो अवधिमा बान्ता हुने, रिङ्गाटा लाग्ने, ज्वरो लाग्ने, टाउको दुख्ने जस्ता रोगका प्रकोप बढेका छन् । चिकित्सकहरूले बढ्दो गर्मीबाट जोगिनका लागि बढी मात्रामा पानीको सेवन गर्ने, चिया, कफी र मदिराको सेवन धेरै कम गर्ने, घरबाहिर निस्कनुपरेमा सुतीको पातलो लुगा लगाउने, टाउकोमा कपडा राख्ने अथवा छाता ओढ्ने जस्ता कार्यहरू गर्न सुझाएका छन । यसपटक गर्मी बढेसँगै पानीको स्रोत पनि सुकेको छ । जानकारहरूका अनुसार भूमिगत पानीको सतह अहिले औसतभन्दा सात फिट तल पुगेको छ, जसले गर्दा धेरै स्थानमा पानीको हाहाकार मच्चिएको छ । यस अर्थमा पानी नपरुन्जेलसम्म सतह माथि नआउने र पानीको सङ्कट जारी रहने देखिन्छ । वर्षा नभएर पानीको सतह बढ्न सकेको छैन र महानगरपालिकालगायत पर्सा जिल्लाका अन्य पालिकाहरूमा पनि पिउने पानीको अभाव छ ।**

**महानगरले पिउने पानीको व्यवस्थापनका लागि निशुल्क खानेपानी धारा जडान कार्यक्रमका साथै वडाहरूमा डीप बोरिङ जडान कार्यलाई निरन्तरता दिएको छ । यसका साथै पिउने पानी अभाव भएका वडाहरूमा ट्याङ्करबाट पिउने पानी उपलब्ध गराउँदै आएको छ । तर यति ठूलो जनसङ्ख्या रहेको महानगरमा यी उपायहरू अवलम्बन गर्दा पनि पिउने पानीमा महानगरवासीको सहज पहुँच बनिसकेको छैन । चापाकलमा आश्रित परिवारहरू अहिले पानीको अभाव झेल्न बाध्य छन् । डीप बोरिङ गरेका र खानेपानी संस्थानको धारा लिएका परिवारलाई भने पानीको समस्या छैन । मानिसहरू पिउने पानीका लागि चालू अवस्थाका चापाकलबाट पिउने पानी लिनका लागि आधा किलोमिटरसम्मको दूरी तय गरिरहेका छन् तर पनि पर्याप्त मात्रामा पिउने पानी** [redacted]

# साउनमा मेहदी र हरियो चुरा : मौलिक संस्कृति कि विकृति ?

यतिबेला गाउँ, शहर, तराई, पहाड सबैतिर महिलाहरू हरियो पहिरनमा देखिने गरेका छन् । त्यसैगरी, मात्रात्मकरूपमा अलिकति कम देखिए पनि पुरुषहरू गेरुवा वस्त्रमा देखिने गरेका छन् । यो साउन महीनालाई शिवको महीनाको रूपमा हिन्दू धर्मावलम्बीहरूको धर्मग्रन्थहरूमा उल्लेख गरिएको हुनाले महिला तथा पुरुष दुवैको भीड शिवमन्दिरहरूमा सबैतिर देखिन्छन् । हुनत हाम्रो समाजमा भौतिकवादी विचार नभएको होइन । भौतिकवादीहरूले जहाँ धार्मिक क्रियाकलापहरूलाई अन्धविश्वास र रुढीवादिता तथा पाखण्डताको पराकाष्ठासँग जोडेर हेर्ने गर्छन्, त्यही यतिबेला हिन्दूवादीहरूकै बीचमा अनेकौं मतभेद रहेका देखिन्छन् । एकथरीले बलिप्रथालाई उचित मान्छन् भने अर्काथरीले अनुचित मान्छन् । यो साउन महीनामा शिव बेलपत्र चढाउनुपर्ने हो, न कि हरियो वस्त्रमय शृङ्गार भन्ने धर्मगुरुहरूले आजभोलि खुलेरै सार्वजनिकरूपमैं विरोध गर्ने गरेका पाइन्छन् । हरियो पहिरनलाई विदेशी (भारतीय) संस्कृतिको दास भएको आरोपसमेत लगाउन थालिएको देखिन्छ । आउनुस् यसबारेमा थोरै चर्चा गरौं–

यतिबेला प्रायः महिलाका नाडी काँचका हरिया चुराले सजिएका देखिन्छन् । साउन लागेलगत्तै हिन्दू महिलामा छुट्टै उत्साह र उमङ्ग छाएको छ । रातो, पहेंलो र हरियो चुरापोते तथा कपडा महिलाको प्रथम रोजाइमा परेका छन् । पछिल्ला वर्षहरूमा किशोरीमा समेत मेहदी र हरियो चुरा लगाउने 'क्रेज' बढेको छ । 'क्रेज' बढ्नुलाई धार्मिक विश्वास, टिकटक तथा फेसनका रूपमा लिन सकिन्छ । विशेषगरी साउनको सोमवार शिवजीको व्रत र पूजा गर्ने चलन छ । प्रायः महिलाहरूलाई 'साउनमा हरियो चुरा लगाउँदा चिताएको इच्छा पूरा हुन्छ' भन्ने विश्वास रहेको देखिन्छ । हाम्रो समाजमा साउन महीना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्त्वपूर्ण भएकाले भन्दा पनि यसमा बजारवाद र उपभोक्तावाद जबरदस्त किसिमले हाबी भएको सहजै हेर्न सकिन्छ । वास्तवमा यतिबेला अर्थात् साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन बिस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहदी लगाउनेको सङ्ख्याचाहिं वर्षैपिच्छे टिकटक तथा विभिन्न टेली सिरियलहरूले गर्दा बढ्दै गएको देखिन्छ । 'टेलिभिजनको पर्दामा भएका सदस्यका हत्केला र पाखुरामा मेहदी तथा हरियो सारी, ब्लाउज, सुट, चुरा, टीका, धागो आदि देखेपछि सबैले रहरले लगाउने गरेका देखिन्छन् । यसले गर्दा साउनमा शृङ्गारका सामान अन्य महीनाको तुलनामा निकै बिक्री हुने गरेको व्यापारीहरू बताउँछन् ।

बोलबम काँवरिया तथा हरियो पहिरन धारण गर्ने महिलाहरूका कारण साउनको पहिलो दिनदेखि नै बजारमा रहेका कपडा तथा शृङ्गारका सामानका पसलमा चुरा, पोते, हरिया, राता, पहेंला वस्त्र खरीदकर्ताका भीड बढेसँगै व्यापार बढिरहेको सजिलै देख्न सकिन्छ ।

साउनको प्रत्येक सोमवार शिवको मन्दिरमा पूजा गर्न जाने महिला, पुरुषको घुइँचो हुने गर्छ । विशेषगरी विवाहित महिला यसमा सहभागी हुने र व्रत पनि बस्ने गर्छन् । महिलाले पतिको सुख, शान्ति र दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्छन् ।

जनकपुर उपमहानगरपालिकाको भानुचोकमा बस्दै आएकी तुलसा भट्टराईले पनि साउन महीनाको पहिलो दिनदेखि नै हातमा हरियो चुरा, मेहदी र रातो कुर्ता, सुरुवालमा सजिएर हिंड्ने र सोमवार व्रतसमेत बस्न थालेको बताइन् ।

यतिबेला घरायसी महिलादेखि कार्यालयमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरीसमेतले हरियो चुरा लगाएका देखिन्छन् । हरियो चुरा, पोते लगाउने शास्त्रीय मान्यता नभए पनि भिजुअल प्रभावका कारणले यसको चलन बढ्दो छ । हातमा हरियो, रातो र पहेंलो चुरा लगाएर शिवजीको पूजा गर्दा शिवजी खुशी हुने गर्छन् भन्ने मान्यता रहेको छ । यसरी देखासिकीले नै हरियो वस्त्र धारणको प्रचलन स्थापित हुन थालेको छ । ग्रामीण क्षेत्रमा यसको असर सामान्य देखिए तापनि शहर बजारमा यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालिएको देखिन्छ ।

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**बिक्री नभएका हरियो चुरा, पोते र कपडा बिकाउने कम्पनीको अप्रत्यक्ष प्रचार हो र अनावश्यक खर्च बढाउने विलासिता पनि हो । तर समयसँगै संस्कृतिको जगेर्ना गर्नु पनि राम्रो पक्ष हो । साउन र हरियोलाई जोडेर प्रचारप्रसार गर्नु, चुरा–पोतेसँगै हरियो वस्त्र लगाउनु संस्कृतिको विकसित रूप पनि हो ।**



तस्वीरः लेखक

**के छ पौराणिक मान्यता ?**

पौराणिक मान्यता अनुसार साउन महीना शिवको महीनाका रूपमा लिइन्छ । पार्वतीले साउन महीनाभरि निराहार रही कठोर व्रत बसेर 'भगवान् शिव'लाई प्राप्त गरेको प्राचीन विश्वासका आधारमा महिलाले यसलाई बढी महत्त्वका रूपमा लिने गर्छन् । साउनमा हरियो पहिरिंदा शिव खुशी हुने धार्मिक विश्वास छ । हरियो रङ प्रकृति, उर्वरता, बहुलता, सौभाग्य र सकारात्मक ऊर्जाको वृद्धिको प्रतीक रहेको पनि कतिपयको बुझाइ छ ।

हरियो उपचारको रङ पनि हो, जो मुटुसँग जोडिएको हुन्छ । उच्च रक्तचापको समस्याका लागि पनि हरियो राम्रो मानिन्छ । विवाहित जोडीको सुमधुर सम्बन्धमा पनि शयनकक्षको दक्षिण–पूर्वी हिस्सामा हरियो रङ लगाएमा दाम्पत्य जीवन सुखी हुन्छ भन्ने वास्तुशास्त्रमा उल्लेख गरिएको छ ।

त्यसैगरी, हरियो रङ्गलाई सौभाग्यको प्रतीकको रूपमा पनि अर्थाइने गरिन्छ साथै यो हरियालीको महीना पनि हो र यो महीना प्रकृतिसँग आफूलाई जोड्ने महीना पनि हो । यस महीनामा हरियो रङ्गका कपडा लगाएर प्रकृतिसँग नजीकिन खोजिएको हो भन्ने तर्कहरू पनि गर्ने गरिन्छ । विभिन्न धर्मग्रन्थहरूमा प्रकृतिलाई ईश्वरका रूपमा लिइएको देखिन्छ । हरियो चुरा र साडी लगाएर नारीले प्रकृतिलाई विशेष पूजा गरेमा आफू र पतिको आयुसमेत बढ्ने धार्मिक विश्वास छ । कतिपयले हरियो रङलाई प्रेमको, रातो रङलाई सौभाग्यको एवं पहेंलो रङलाई पवित्रताको प्रतीकका रूपमा समेत व्याख्या गर्ने गर्छन् ।

त्यसैगरी, हरियो रङ बुध ग्रहको समेत प्रतीक रहेको बताइन्छ । बुध ग्रह भविष्य तथा व्यापारसँग जोडिने ज्योतिषीय मान्यता रहँदै आएको छ ।

चुरा, पोते र कपडासँगै साउन महीनामा हातभरि मेहदी लगाउने चलन पनि छ । हत्केलामा जति बढी गाढा मेहदीको रङ राख्यो, उति नै बढी पतिको माया पाइन्छ भन्ने धार्मिक विश्वास छ । तर सबै महिलाले यही विश्वासमा मेहदी लगाएका छैनन् । आज नेपाली समाजमा पुराना र मौलिक संस्कृति विस्थापित हुँदै नयाँ–नयाँ संस्कृति भित्रिन थालेका छन् । द्वन्द्ववादको नियम अनुसार पुरानोलाई नयाँले निषेध गर्छ । हरेक वर्ष चाडपर्व, संस्कृति र परम्परा घुमिफिरी दोहोरिने गर्छन् । साउन महीनाको सुरुआतसँगै हरियो चुरा, पोते र कपडाको फेसन नयाँ संस्कृति बनेर विगत केही वर्षयता नेपालमा भित्रिएको छ । यो नेपालीको मौलिक संस्कृति होइन, न परम्परा नै हो, यो त देखासिकीको आयातित संस्कृति हो । सभ्यताको विकास भएका प्रमुख देशमध्ये इजिप्ट भएपनि अहिले त्यहाँका कैयौं नागरिक विश्वमैं असभ्य मानिन्छन् । यतिसम्म कि इजिप्टका नागरिक मिश्रीहरू वैदेशिक रोजगारमा बाहिरी मुलुकमा गए भने घरबाट हिंडेदेखि नफर्किंदासम्म दाँत नमाझ्ने पनि छन् । चुरा लगाउने प्रचलन पनि इजिप्टबाटै आएको इतिहासले बताउँछ । तर नेपालमा भने भारतीय संस्कृतिबाट चुरा लगाउने परम्परा भित्रिएको मानिन्छ । हरियो चुरा मूलतः देखासिकीको संस्कृति बनेको छ । जसरी केही वर्षयता तीज आउन एक महीना छँदै दर खाने संस्कृति शुरू भएको छ, त्यसरी नै यो हरिया चुरा लगाउने संस्कृति पनि मौलाउँदै गएको छ । यसको यथार्थता र महत्त्व नबुझी छिमेकीको प्रभावले साउनमा हरियो चुरा लगाइ मनको रहर पूरा गर्ने परम्पराको रूपमा विकास हुन थालेको छ । हुनत जसलाई जेजस्तो मन लाग्छ, कानूनमा आँच नआउने गरी लगाउन, खान र गर्न पाउनु लोकतान्त्रिक मूल्य–मान्यताको नैसर्गिक अधिकार हो । तर अधिकार र इच्छाका पछाडि कर्तव्य र कारणबोध गर्नु पनि जरुरी हुन्छ । मानव समाजको विकाससँगै धर्म, संस्कृति, रहनसहन, पहिरन र शृङ्गारको विकास हुँदै जाँदा धातुका गरगहना प्राचीनकालदेखि नै शुरू भएको पाइन्छ । महिलाले हाम्रो संस्कृतिबमोजिम तीज, दशैं, तिहार जस्ता चाडपर्व, विवाह पार्टी, समारोह जस्ता कार्यक्रममा विभिन्न रङ र डिजाइनका चुरा लगाउने चलन छ । तर हरियो चुरा लगाउने भन्ने विषयमा धार्मिक र सांस्कृतिक महत्त्वबारे कतै पनि चर्चा गरेको पाइँदैन । हरियो चुरा, पोते र कपडाबारे फरक–फरक कोणबाट फरक–फरक धारणा आउने गरेका छन् । नारीहरूले थप व्याख्या गरी हरियो चुरा, पोते र कपडा पहिरिएर शिवजीको आराधना गरी विवाहित महिलाले आफ्नो पतिको दीर्घजीवन माग्छन् भने अविवाहित नारीले राम्रो पतिको कल्पना र कामनामा इच्छाशक्ति राख्छन् । कसैले हरियो रङलाई वातावरणको प्रतीक मान्छन् भने युवायुवतीले प्रेमको प्रतीक पनि मान्छन् । हरियो चुरा, पोते र कपडाले प्रकृति र वातावरण संरक्षणको सन्देश दिन खोजेको कसैले बताउँछन् । तर साउनमा मात्र किन ? सधैं प्रयोग गरे त भैगो भन्नेहरू पनि छन् । यसबारे कसैले भन्छन्– बनाउने कम्पनीले कुनै माध्यमले साउनमा हरियो चुरा, पोते र कपडा लगाउनुपर्छ भन्ने हल्ला फिजाएपछि अन्य समयमा बिक्री नहुने यी चीजहरू वर्षमा एकपटक बिकाउनका लागि उत्पादन गर्ने कम्पनीहरूले गरेका कूटनीतिक खेल देखासिकीको रूपमा संस्कृतिको सुरुआत गराएको हो । उता हरियो रङलाई विशेषज्ञले शीतलता र स्फूर्ति प्रदान गर्ने रङ भनेका छन् भने यसले आँखालाई फाइदा गर्छ पनि भनेका छन् ।

चुरा व्यवसाय मुस्लिम समुदायले बढी गर्ने भएकाले पनि उर्दू वा अरबी भाषाबाट पनि चुराको नामकरण गरेको पाइन्छ । चुरा नेपाली संस्कृति त होइन नै, यद्यपि विवाहित नारीले शृङ्गार र सुन्दरताका लागि चुरा लगाउन सुरुआत गरेको पाइन्छ, तर अहिले त विवाहित अविवाहित सबैले लगाउन शुरू गरेका छन्, यो बनाउन प्रयोग गरिने कच्चा पदार्थले मानव शरीरलाई कति फाइदा वा नोक्सानी गर्छ । यसबारे अधिकांश महिलालाई थाहा भने छैन । विशेषज्ञले हरियो रङलाई शान्तिको प्रतीक, सकारात्मक ऊर्जा सञ्चारको रङ भने पनि नेपाली समाजले हरियो चुरा, पोत र कपडा लगाउनुले पतिको आयु बढाउने कुरालाई सकारात्मकरूपमा लिन वा पत्याउन सक्तैन । अझ यसलाई परम्परागत मान्यतामा ढाल्नेले त अर्कै फरक अर्थमा व्याख्या गर्न पनि बेर लगाउँदैनन् ।

हरेक साउन महीनाको सुरुआतसँगै शुरू हुने हरियो चुरा, पोते र कपडाको संस्कृति मूलतः आयातित देखासिकी हो । बिक्री नभएका हरियो चुरा, पोते र कपडा बिकाउने कम्पनीको अप्रत्यक्ष प्रचार हो र अनावश्यक खर्च बढाउने विलासिता पनि हो । तर समयसँगै संस्कृतिको जगेर्ना गर्नु पनि राम्रो पक्ष हो । साउन र हरियोलाई जोडेर प्रचारप्रसार गर्नु, चुरा–पोतेसँगै हरियो वस्त्र लगाउनु संस्कृतिको विकसित रूप पनि हो । तर यसलाई केवल अन्धविश्वासको रूपमा शिवजस्तो वर पाउन गरिएको वर्त र फेसन जसरी पनि गर्नु छ को मनोविज्ञानले आधारभूतरूपमा साउनमा हरियो वा गेरु वस्त्र धारणले पुरुष, महिला दुवैलाई हाम्रो मौलिक संस्कृतिभित्र विकृति हुलेको भन्दा गलत नहोला ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका
वर्ष ३६ २०८० साउन ०६ गते शनिवार 2023 July 22 Saturday


# कथाशिल्पी कार्कीको 'चौध भुवन' : एक परिक्रमा

रौतहटेली साहित्यमा कथाको इतिहास निकै पुरानो छ। विसं २००३ मा द्रोण शमशेर राणाको 'अबला' कथासङ्ग्रह प्रकाशित भएको पाइन्छ। रौतहटेली कथा साहित्यमा गुरुप्रसाद मैनाली, कुलचन्द्र कोइराला, धुस्वाँ सायमी, यमकुमार श्रेष्ठ, यशु श्रेष्ठ, रेणु गुप्ता, रेणुका जिसीसँगै जोडिएको नाम हो, सपूत कार्की। फुटकर कथाको क्षेत्रमा रमेशमोहन अधिकारी, सञ्जय साह मित्र, दीपक खड्का आदिले पनि योगदान दिएका छन्।

रौतहटेली साहित्याकाशमा निकै लामो समयदेखि सक्रिय साहित्यकार हुन्, सपूत कार्की। समाजसेवा तथा साहित्य सिर्जनलाई एकसाथ अगाडि बढाएका कार्कीको २०४५ मैं प्रकाशित कथाकृति हो– पागल। पहिलो कथाकृति प्रकाशित भएको साढे तीन दशकपछि कार्कीको २०८० मा प्रकाशित कथाकृति हो– 'चौध भुवन'।

नेपाल रेडक्रस सोसाइटीमा सक्रिय रहँदै कार्कीले देश–देशावर घुमेका छन्। यही प्रभाव कार्कीको कथाकारितामा पनि रहेको छ। कार्कीको पछिल्लो कथाकृतिमा १४ वटा कथा रहेका छन्। एक कथालाई एक भुवनको उपमा दिई कथाकार कार्कीले १४ कथालाई नै 'चौध भुवन' मानेका छन्।

'तिमी नै भन त मैना ?' यस सङ्ग्रहको पहिलो रचना हो। मधेसमा सम्पन्न घरपरिवारकी एक बुहारीको कुण्ठित अभिव्यक्ति स्वतन्त्रतालाई विषयवस्तु बनाइएको छ। शान्ता मुख्य पात्र हो। शान्ताको विवाहअघि र पछिको अवस्थामा जीवनमा देखिएका परिवर्तनको मनोवैज्ञानिक तुलना गरिएको छ। धनी पतिको घरमा बोल्ने स्वतन्त्रता नहुँदा घरैमा पालिएको मैनासित शान्ताको तुलना गरिएको छ। अल्प संवाद भएपनि गतिशीलता रहेको कथा सरल रैखिक शैलीमा लेखिएको छ। कथामा स्वतन्त्रताको खोजी गरिएको छ।

कुकुर पात्रको नाममा राखिएको कथा 'कान्छी' यात्राको क्रममा जोडिएको पात्र हो। मगर दाइकहाँ बास बसेर यात्रा अगाडि बढाउँदा 'कान्छी' सँगसँगै हिंड्छे। यात्रामा रहेका साथीहरूसँगै एक यात्रीपात्रकै रूपमा सुख–दुःखमा रहेको 'कान्छी' यात्रा टुङ्गिएसँगै पूर्वतर्फ जानेको भागमा पर्छ। साथमा हुँदा रमाएको कान्छी बिछोडमा रोएकी छ। बिछोडको पीडा गैरमानवीय पात्रमा पनि हुन्छ भन्ने संवेदनायुक्त भावको प्रस्तुति यस कथामा रहेको छ।

लघुआयामिक कथा 'पात्रको मृत्यु'मा शोक छ। म पात्रले आफ्नो कथामा बनाएको एउटा पात्रको मृत्यु भएको छ। नितान्त एक्लो उक्त पात्रको मृत्युमा कोही पनि शोक मान्ने हुँदैन तर म पात्रलाई भने कथाको पात्रको मृत्युप्रति दया जाग्छ। विशेष परिस्थितिमा समाजका लागि मृत्यु पनि असंवेदित हुन्छ तर सर्जकलाई भने मृत्युले संवेदित तुल्याउने भाव कथाको रहेको छ।

हरेक वर्ष बाढीले प्रभावित हुने हजमिनियाँ गाउँको कथा हो 'म आशा बाँडिरहेको छु'। म पात्र राहत बाँड्न गएको छ। समानरूपले राहत वितरण भएपछि एकजना स्थानीय नेताले विरोध गर्छ। वर्णनात्मक शैलीमा रचित यस कथामा नियमित आकस्मिकताले पार्ने प्रभावलाई देखाइएको छ। साथै राम्रो काम गर्दागर्दै पनि कतिपयले विरोध गरेर राम्रो काम गर्नेको मन अमिलो बनाइदिने सत्यलाई पनि कथाले उजागर गरेको छ।

प्रजातान्त्रिक आन्दोलनमा धेरै किसिमका मानिसको योगदान हुन्छ। वेश्यावृत्तिले समाजमा दुर्नाम कमाएकी मनमाया प्रजातन्त्रको लागि भएको आन्दोलनमा शहीद भएकी छ। दलहरूले आफ्नो पक्षबाट लड्नेहरूको विवरण सरकारलाई बुझाउँछन् तर मनमाया कतै


**कृति समीक्षा**



**सञ्जय मित्र**

mitrasanjay41@gmail.com

पर्दिन। शहीद र शहादतमा पनि राजनीति हुने गरेकोप्रति कथामा क्षोभ प्रकट गरिएको छ। कथामा सहानुभूति




राखिएको पात्र मनमाया 'अस्वीकृत शहीद' भएकी छ।

दाइजो प्रथाले आक्रान्त छ, मधेसी समाज। यसै समाजको अत्यन्त विपन्न पिता हो, पिरित। पिरितले बडो मुश्किलले छोरी फुलवाको विवाह गर्न सकेको छ। बिहेको क्रममा भएको समस्यालाई यथार्थपरक र मर्मस्पर्शी शैलीमा प्रस्तुत गरिएको छ। छोरीको विवाह विपन्न समुदायका अभिभावकलाई कसरी समस्या हुन्छ भन्ने देखाउन सफल कथा हो, 'फुलवाको विवाह'।

सामन्ती संस्कृतिको विरोध गर्ने सामाजिक कथा 'नियति' केही दशक पहिलेको यथार्थवादी कथा हो। अझै पनि काजीहरूको अत्याचारले गोविन्दे र तिनका परिवार आफ्नो जन्मथलो र थातथलोबाट अज्ञातस्थल गन्तव्यतिर पलायन हुन बाध्य छन्। कथाको परिवेश कसिलो छ। उचित संवादको प्रयोगले कथालाई विश्लेषणात्मक बनाउन सहयोग गरेको छ। विपन्नप्रति सहानुभूति राखिएको यस कथाका पात्रहरू गतिशील छन्।

सम्भवतः रौतहटकै एक गाउँ हो, 'गोपालकुटी'। गोपालकुटीको निर्माण र दैवी प्रकोपले गाउँ नै खत्तम भएको स्मृति कथाको रूपमा यसको प्रस्तुति छ। विगतको निर्माण गर्नेले आगतको पनि महसूस गरेको हुन्छ। निर्माणमा समय लाग्ने तर विनाशमा खासै समय नलाग्ने प्राकृतिक नियति यसमा प्रस्तुत गरिएको छ। गोपालकुटी जस्ता ठाउँहरूले आफ्नै गर्वमा आफ्नो उत्थान र पतनका कथाहरू समेटेका छन् भन्ने खोतल्न कथा सफल छ।

'पुस्तक' मनोवैज्ञानिक कथा हो। म पात्र र निकिता सानैदेखिका मन मिल्ने साथी हुन्छन्। निकितालाई पुस्तक मन पर्छ र निकिताको बिहेमा म पात्रले उपहारको रूपमा पुस्तक दिएको कथावस्तु छ। पुस्तक उपहार दिंदा मनमा उठेका तर्कना तथा पुस्तक दिंदा अरूले गरेका कानेखुसीलाई बडो मनोरम उत्सुकतापूर्वक कथामा प्रस्तुत गरिएको छ। असन्तोष र सन्तोषपूर्ण तर्कना तथा संवादले भरिएको कथा रोचक रहेको छ। समाजलाई हेप्नलाई बहाना मात्र चाहिएको हुन्छ, नजानेर वा नबुझेर पनि हेप्न पायो भने खिसिटिउरी गर्न छोड्दैन भन्ने कुरा देखाउन कथा सफल रहेको छ।

'ट्रेसी' एक विदेशी महिला हो। केही दिनको परदेश बसाइमा विदेशी नागरिक ट्रेसीसित भएको उठबस, भेटघाट तथा घुमाइको रोचक वर्णन छ। वर्णनात्मक र संस्मरणात्मक शैलीमा लेखिएको यस कथामा विदेशी महिलाको आफ्नो परिवेश अनुसार खुलापन र विचारको वर्णन रहेको छ।

अचेल कामको खोजीमा अन्यत्र जानु स्वाभाविक छ। 'गल्ली नम्बर आठ'मा मुख्यगरी चिया खान नियमित भेट हुने साथीहरूमध्ये विमल नामका एक सदस्य व्यापार गर्न बाहिर पुगेको कथानक छ। चिया खान एक दिन कोही नआउँदा पनि तिनको बारेमा हुने गफगाफलाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ। यो यथार्थवादी कथा हो।

'सोनफी' व्यक्तिको नाममा शीर्षक राखिएको अर्को कथा हो। अन्धविश्वास र धार्मिक आस्थाका कारण सोनफीकी पत्नीले सन्तानमाथि सन्तान जन्माएकी छे। स्वास्थ्यको ठेगान नराखी आफ्नो आर्थिक अवस्थाको पनि ख्याल नराखी बच्चा जन्माउने प्रवृत्ति रहेको यथार्थलाई उद्घाटन गरिएको छ। ग्रामीण क्षेत्रमा बालबालिकाप्रति रहेको अन्धविश्वासपूर्ण धारणाको चिरफार यसमा गरिएको छ।

कहिलेकाहीं लोभले लाभ र लाभले विलाप हुन्छ। सानोतिनो खुशीमा कहिलेकाहीं ठूलो भोजभतेर गर्दा बिचल्ली हुने हुन्छ। अनावश्यक भोजभतेरमा विपन्नको झन् बिचल्ली हुने, रक्सी खाने बानीले घरपरिवारलाई हेर्नुपर्छ भन्ने कुराको ख्यालै नहुने र घरमा झैंझगडा भइरहने प्रवृत्तिलाई 'राहत'मार्फत जगतवाको प्रवृत्तिलाई उजागर गरिएको छ। जगतवा एउटा प्रतिनिधि पात्र र उसको परिवार पनि प्रतिनिधि परिवार हो। यस्तो बिचल्ली धेरै परिवारको भएको पाउन सकिन्छ।

चरित्र जन्मजात हुन्छ, नैसर्गिक हुन्छ भन्ने कुरालाई 'भुस्याहा कुकुर'मार्फत देखाइएको छ। भुस्याहा कुकुरप्रति माया लागेर सुधार्न खोज्दा नसकेर आफू नै पलायन हुनुपरेको कथामा देखाइएको छ। सानोले धेरै सुख पायो भने मात्तिन्छ र सुख दिनेलाई नै पिर्छ भन्ने तथ्य देखाउन कथा सफल छ। कुकुरमा रहेको जन्मजात प्रवृत्तिलाई कुनै मानिसको अहम्ले परिवर्तन गर्न सक्दैन भन्ने पनि कथामा स्पष्ट भएको छ।

विषय वैविध्य, पृथकोद्देश्य तथा परिवेशमा पार्थक्य यस कथा सङ्ग्रहका विशिष्टता हुन्। एउटा कथाको आयाम लघु हुन गएको छ। बाँकी कथा मध्यम आयामका छन्। अधिकांश कथा सरल रेखीय र केही कथाहरू वृत्तकारीय शैलीमा पनि छन्। कतिपय कथामा मनोविज्ञानको भरपूर प्रयोग गरिएको छ। सटीक संवादले कथ्यलाई स्पष्ट पार्न र पात्रलाई जीवन्त तुल्याउन सहयोग गरेका छन्। परम्परागत कथापाठकका लागि प्रस्तुत 'चौध भुवन' कथासङ्ग्रह एक पठनीय कृति बन्न पुगेको छ।

२०८० वैशाखमा शब्दयात्रा प्रकाशन बनेपाद्वारा प्रकाशित 'चौध भुवन' कथासङ्ग्रहको पहिलो संस्करण ७२ पृष्ठमा रहेको छ। विभिन्न पत्रपत्रिकामा पहिले नै प्रकाशित भइसकेका कथाहरूको सङ्ग्रह 'चौध भुवन'लाई सामाजिक कथाहरूको सँगालो मान्न सकिन्छ।

# पोखरिया शिवमन्दिर : पुजारीको कुनियतपूर्ण कर्तुत (१)

'बोलबम...बोलबम' साउनको पावन महीनामा यो सुमधुर ध्वनि सुन्न पाइन्छ। साउन मास महादेवको महीना हो। त्यस कारण शिवलिङ्गमा जल/दुग्ध अर्पण गर्नको लागि शिवालयहरूमा भक्तजनको भीड लाग्छ। पर्सा जिल्लाका विभिन्न स्थानमा अनेकौं ऐतिहासिक शिवालयहरू छन्। त्यसमध्ये पर्सा जिल्लाको पोखरिया नपा वडा नं ४ स्थित शिवमन्दिर पनि एक हो।

धार्मिक मठमन्दिरप्रति श्रद्धालुजनको आस्था र भक्तिभङ्गिमा शब्दमार्फत वर्णन गरेर साध्य छैन। मठमन्दिर सार्वजनिक/सरकारी सम्पत्ति हो। त्यस कारण धार्मिकस्थलहरूको संरक्षण र



पोखरिया नपा–४ स्थित शिवमन्दिरको पुरानो संरचना

संवर्द्धन गर्नु तीनै तहका सरकार तथा नागरिक समाजको परम कर्तव्य हो।


श्रद्धालुहरू मठमन्दिरको नाममा जग्गा अर्पण गर्छन्। निष्ठापूर्ण भावले मठमन्दिरको निर्माण गर्छन्। मठमन्दिर तथा शिक्षालयहरूको नाममा सम्पत्ति अर्पण गर्ने मानिसहरूको समाजमा कमी छैन। यद्यपि मानिसहरूकै बीचमा मानिसजस्तै देखिने अमानवहरू पनि छन्, जो मानवको नाममा कलङ्क छन्। एक ड्रम शुद्ध तोरीको तेललाई केही बुँद मटीतेलले अशुद्ध मात्र पार्दैन, अपितु मानव शरीरको लागि हानिकारक हुन सक्छ। त्यस कारण अमानवीय मनोवृत्तिको छिटा समाजमा किंमार्थ पर्न दिनुहुन्न।

पुजारीले शिवमन्दिरको सम्पत्तिमा कुनियतपूर्ण हर्कत गर्नु घोर निन्दनीय कार्य हो। पाठकहरूलाई के अनौठो लाग्न सक्छ भने भोलेनाथको पूजापाठमा समर्पित पुजारीले दाताले अर्पण गरेको सम्पत्ति हडप्ने कसरी दुस्साहस गऱ्यो ? यसै सेरोफेरोमा पोखरिया नपा वडा नं ४ अवस्थित शिवमन्दिरको कथा–व्यथा आजको आलेखमा समेटिएको छ। उक्त शिवमन्दिरको दाता परिवार तथा स्थानीय मानिसहरूसँग भएको साक्षात्कारका साथै सर्वोच्च आदालतको फैसलाको आधारमा आजको आलेखमा सर्वप्रथम सर्वोच्च अदालतको फैसला तथा त्यसपछि अन्य विषयवस्तु क्रमशः प्रस्तुत गरिनेछ।

धार्मात्माहरूले भगवान्को चरणमा अर्पण गरेको सम्पत्तिमाथि कुलषित प्रवृत्तिका पात्रहरूको आँखा लाग्न बेर लाग्दैन। उनीहरूले सार्वजनिक सम्पत्ति लिने खाने उद्देश्यले कानूनी दाउपेच खोज्दै शक्ति, समय र पैसा खर्च गर्न पछि पर्दैनन्। यसैमध्येको एक उदाहरण हुन्, पोखरिया शिवमन्दिरका पुजारी मुक्ति गिरी अथित।

पर्सा जिल्लाको तत्कालीन बिरञ्चीबर्वा गाविस वडा नं ९ टोल सेमराका मोहन साह कानूका पिता जनक साह कानू पोखरिया नपा–४ स्थित शिवमन्दिर तथा सोसँग सम्बन्धित सम्पत्तिका दाता हुन्। शिवमन्दिरको सम्पत्तिमाथि पुजारी मुक्ति गिरी अथितले कसरी आँखा लगाए भन्ने कुरा सर्वोच्च अदालतको निम्न फैसलाबाट अवगत हुन्छ। उक्त फैसलाको पूर्णपाठ सीमित शब्दमा आधारित आलेखमा समाविष्ट गर्न असमर्थ छु। तसर्थ बेहोरा अवगत

**सरोकार**



**राजेश मिश्र**

rajesh560107@gmail.com

हुने नै हुँदा केवल फैसलाको संक्षिप्त खण्ड समाविष्ट गरेको छु।

**फैसला**

सर्वोच्च अदालत संयुक्त इजलास। माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ, माननीय न्यायाधीश श्री ताहिर अलि अन्सारी।

संवत् २०६२ सालको दे.पु.नं.........८४५९


मुद्दा : नापी निर्णय पर्चा बदर दर्ता।

पर्सा जिल्ला गाविस पोखरिया वडा नं ४ बस्ने शिवजी अथित भन्ने मुक्ति गिरी अथित...........................१ पुनरावेदक/प्रतिवादी

विरुद्ध

पर्सा जिल्ला गाविस बिरञ्चीबर्वा वडा नं ६ बस्ने मोहन साह कानू.........................१ प्रत्यर्थी/वादी

शुरू पर्सा जिल्ला अदालतमा फैसला गर्ने :– माननीय न्यायाधीश श्री बाबुराजा कार्की।



पुनरावेदन अदालत हेटौंडामा फैसला गर्ने माननीय न्यायाधीशद्वय :– श्री कृष्णप्रसाद उपाध्याय, श्री अवधेशकुमार यादव।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा पर्सा जिल्ला हरिहरपुर गाविस वडा नं ९ सा.कि.नं. ३६,३७ हालको कि.नं. ४९, ५० नापी भएको अवस्थामा विपक्षीको नाउँमा नापी भएको थाहा पाई उजूरी दिएको थिएँ। विपक्षीले शिवजी भन्ने कुनै व्यक्ति नभएको देखी सो नाउँ पनि आफ्नो नाउँ हो भनी शिवजी मन्दिरको जग्गा प्राप्त गर्ने प्रयास गर्नुभएको र सा.कि.नं. ५५, ५६, ५७ हाल कि.नं. ५२, ५३, ६६ को शिवजी मन्दिरकै जग्गालाई रामजानकी मठ पोखरियाको नाउँमा दर्ता गर्ने ठहऱ्याएको १ नं नापी गोश्वाराको निर्णय बदर गरी सबै कित्ता जग्गामा शिवजी मठमन्दिरको नाउँमा दर्ता गरी संरक्षकमा मेरो नाउँ उल्लेख गरी पाऊँ भन्ने मुख्य फिराद दाबी भएकोमा नापीको निर्णय बदर हुन सक्ने नहुँदा झूटा दाबीबाट फुर्सद गरी पाऊँ भन्ने प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा वादी दाबी नपुग्ने ठहऱ्याएको शुरू पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी दाबीका पाँच कित्ता जग्गा शिवजी मन्दिरको नाउँमा दर्ता कायम हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला उपर प्रतिवादीले चित्त नबुझाईयस अदालतमा परेको प्रस्तुत पुनरावेदन यस इजलाससमक्ष निर्णयार्थ पेश भएको देखियो।

यसमा वादी दाबी बमोजिम विवादित कित्ता जग्गाहरू शिवजी मन्दिरको नाममा दर्ता हुने हो होइन र पुनरावेदन अदालतको फैसला मिलेको छ छैन भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा सर्वप्रथम विवादित कित्ता जग्गाहरू के कुन स्रोतबाट हालको अवस्थामा आएका हुन् भनी हेर्नुपर्ने देखिन्छ। मिसिल संलग्न कागजात अध्ययन गर्दा मिति २००३ अषाढ १७ गतेको बन्डापत्रमा वादीका आमाहरूले केही जग्गा शिवजी भगवान्लाई अर्पण गरेको भन्ने उल्लेख भएको देखिन्छ भने गाउँ विकास समितिको कार्यालय, हरिहरपुर बिर्ता पर्साको च.नं. २० मिति २०५३/६/४ र सोही गाविसकै च.नं. २२ मिति २०५३/६/१३ को पत्रबाट समेत कि.नं. ३५, ३६, ५५, ५६, ५७ का जग्गाको श्रेस्ता अप्रमाणित रहेको र शिवजी मन्दिरको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराइदिएमा कुनै फरक पर्नेछैन भन्नेसमेतको बेहोरा उल्लेख गर्दै मालपोत कार्यालय, पर्सामा सिफारिशपत्र पठाएको देखिन्छ। वादी दाबीका जग्गामध्ये कि.नं. ३६, ३७ को जग्गालाई नापीबाट म शिवजी गिरी भन्ने मुक्ति गिरीको नाममा कायम हुने ठहरेको ठीक साँचो हो भनी प्रतिवादीले लिएको प्रतिउत्तर जिकिरतर्फ हेर्दा निजले आफ्नो नाम शिवजी गिरी भन्ने मुक्ति गिरी अथित हो भनी गम्भीररूपमा प्रमाणित गर्ने कागजात पेश गर्न सकेको मिसिल संलग्न कागजातहरूबाट खुल्न

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ–४२

धारावाहिक

विश्वराज अधिकारी
akoutilya@gmail.com

### अन्तरजातीय विवाह

अमेरिकामा युवा र युवतीबीच वा महिला तथा पुरुषबीच विवाह दुवैको मन मिलेपछि हुन्छ । विवाह गर्नका लागि जात, धर्म, रङ्ग, आर्थिक हैसियत, सामाजिक तह आदि हेरिंदैन। अमेरिका जातिविहीन समाज हो । विवाह हुनका लागि पूर्वशर्त हो, जोडीको एकअर्कासँग मन मिल्नु । युवती र युवकको मन मिलेपछि विवाह हुन्छ र त्यो विवाहलाई छेक्न जात वा धर्म पर्खाल बनेर युवती र युवाको बीचमा आउँदैन । भाषा र संस्कृति पनि पर्खाल बन्दैन । यसैगरी, आर्थिक हैसियत वा सामाजिक प्रतिष्ठा पनि पर्खाल बन्दैन ।

विवाह गर्नका लागि कुनै एक युवती र कुनै एक युवकको मन एकअर्कासँग मिल्छ वा मिल्दैन भन्ने परख स्वयम् ती युवती र युवकले एकअर्कासँग घुलमिल भएर गर्नुपर्छ। घुलमिल हुने त्यो समयलाई अमेरिकी समाजमा 'डेटिङ' पनि भन्ने गरिन्छ। उनीहरूको मन मिल्न वा नमिल्न राय, विचार वा दबाब उनीहरूलाई बाह्य व्यक्ति वा अन्य कसैले दिंदैन। कुनै पनि विवाहमा विवाह हुने व्यक्ति–युवती वा युवकको मातापिताको भूमिका लगभग शून्य हुन्छ। सामाजिक प्रभाव शून्य हुन्छ। समाजले अप्रत्यक्षरूपमा पनि प्रभाव पार्न सक्तैन ।

श्वेत महिलाले अश्वेत पुरुषसँग, अश्वेत महिलाले श्वेत पुरुषसँग, श्वेत पुरुषले अश्वेत महिलासँग र अश्वेत पुरुषले श्वेत महिलासँग विवाह गरेको देख्न सकिन्छ। उनीहरूबाट भएका सन्तानहरू पनि देख्न सकिन्छ। सङ्ख्यात्मक हिसाबले हेर्ने हो भने श्वेत महिलाहरूले अश्वेत पुरुषहरूसँग विवाह बढी गरेको देखिन्छ । विवाह गर्ने विषयलाई केलाएर हेर्ने हो भने अमेरिकाभित्र अन्य देश, धर्म, रङ्गका व्यक्तिहरूसँग विवाह गर्नमा श्वेत अमेरिकी महिलाहरू अग्रपङ्क्तिमा देखिएका छन् । अर्थात् अमेरिकी श्वेत महिलाहरू बढी उदार देखिएका छन्।

श्वेत अमेरिकी पुरुषहरूले थाई, फिलिपिनो, जापानी, कोरियन, भारतीय, नेपाली, चाइनिज, इटालियन, स्पेनिश, जर्मन आदि देशका महिलासँग विवाह गरेका देखिन्छन् । उनीहरूबाट वा दुई देशका नागरिकबीच विवाह भएर सन्तानहरू भएका देखिन्छन्। यस्तै स्थिति श्वेत अमेरिकी महिलाहरूमा पनि देखिन्छ। उनीहरूले पनि संसारका विभिन्न राष्ट्रका पुरुषहरूसँग विवाह गरेका देख्न सकिन्छ। कुनै पनि अमेरिकी युवक वा युवतीले विवाहका लागि आफ्नो मन मिल्नुलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ । कुन देशको, कुन जातको, कुन धर्मको, कुन रङ्गको भन्ने विषयले कुनै पनि अर्थ राख्दैन ।

विवाहको सम्बन्धमा अमेरिका संसारभरिमा नै अति उदार देशहरूमध्ये एक हो । राष्ट्रिय सङ्कीर्णता वा अति राष्ट्रवादी भावनाले ओतप्रोत भएर विदेशी वा अन्य धर्मका व्यक्तिहरूसँग थोरै अमेरिकीहरूले पनि विवाह नगरेको देखिंदैन। विवाहप्रति अमेरिकी समाजको मनोविज्ञान नै अति उदार छ । बाहिर (विदेश)बाट आएको कुनै युवक वा युवतीमाथि छिट्टै विश्वास गरेर उनीहरूसँग अमेरिकी युवायुवतीहरूले कुनै ठूलो जाँच, परख, छानबीनविना केवल मन मिलेपछि विवाह गरेका पाइन्छन् । यस्ता अनेक कुराहरूले विवाहप्रति अमेरिकी समाज अति नै उदार रहेको देखिन्छ ।

अमेरिकी जीवनशैलीको एउटा महत्त्वपूर्ण पक्ष मन नमिलेपछि विवाह भएको जतिसुकै लामो अवधि भए तापनि सम्बन्धविच्छेद गर्ने र मन मिलेपछि जुनसुकै उमेरमा पनि विवाह गर्ने हो । विवाह गर्नका लागि कुनै महिला वा पुरुषलाई उसको पाको उमेर पर्खाल बन्दैन। ८० वर्ष उमेर पुगेको कुनै एक महिलाले पनि विवाह गरेको देख्न पाइन्छ। यसैगरी, ८० वर्ष उमेर पुगेको कुनै पुरुषले पनि विवाह गरेको देख्न सकिन्छ। यसरी पाको उमेरका कुनै व्यक्तिले विवाह गरेमा न त उसको परिवार, न त समाजले नै उपहास गर्छ, खिल्ली उडाउँछ, कुरा काट्छ। समाजले 'यो कुनै एक व्यक्तिको निजी जिन्दगीको कुरा हो' भनेर कुनै पनि किसिमको चासो राख्दैन। चियोचर्चा गर्दैन । पाको उमेरमा विवाह गर्नुलाई अमेरिकी समाजले 'यौन तृप्ति'को रूपमा नलिएर सुरक्षा र सहयोगको खोजीको रूपमा लिन्छ । प्रौढ उमेरका महिला पुरुषहरूले विवाह गर्दा एकले अर्कोलाई सुरक्षा दिने, एकले अर्कोलाई सहयोग गर्ने भाव राखिएको हुन्छ। *क्रमशः*

# विपी कोइराला – एक साहित्यिक परिचय

सन्दर्भः विपी जयन्ती

राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com

विपी कोइराला (१९७१–२०३९)को परिचय राजनीतिक द्रष्टा मात्र होइन । उनलाई साहित्यिक सिर्जनामा पनि आफ्नो एक पृथक स्थान बनाउन सफल भएका व्यक्तित्वका रूपमा लिने गरिन्छ। त्यस बेलाको सामाजिक चेतनाको स्तर नै नभएको समयमा यौन विषयमा साहित्य सिर्जना गर्नु आफैंमा एउटा सामाजिक क्रान्तिको बिगुल नै थियो ।

राजनीतिमा प्रजातान्त्रिक समाजवाद उनको धार हो भने साहित्यमा उनी मनोविश्लेषणवादी र अस्तित्वादी स्रस्टा हुन् । बहुमुखी साहित्य स्रस्टा विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यका कविता, जीवनी, निबन्ध, आलोचना र पत्र आदि विधामा रुचि देखाए पनि उनी मूलतः आख्यानकार हुन् । आधुनिक नेपाली कथामा नवीन मनोवैज्ञानिक धारा र प्रवृत्तिहरूको प्रवर्तन र प्रवर्द्धन गरी कोइरालाले युगान्तकारी र युगप्रवर्तक कथाकारको रूपमा आफूलाई चिनाउन सफल भएका छन्। कोइरालाका उपन्यासहरू उनको जीवनचिन्तनका कलापूर्ण अभिव्यक्ति हुन्।

उनलाई नेपालको सबैभन्दा केरिसमेटिक (करिश्मामय) नेताको रूपमा लिइने गरिन्छ। उनी नेपाली साहित्यका त्यस बेलाका सबैभन्दा धेरै पढेका र विचारशील साहित्य स्रष्टाको रूपमा चिनिन्छन्। शुरूमा उनले छोटो कथा र कविता लेख्न शुरू गरे। उनले हिन्दीमा लघुकथा लेख्न शुरू गरे। उनको पहिलो कथा प्रेमचन्दद्वारा सम्पादन गरिएको साहित्यिक पत्रिका हंसमा प्रकाशित भएको थियो । उनको पहिलो नेपाली लघुकथा 'चन्द्रवदन' सन् १९३५ मा नेपाली साहित्यिक पत्रिका शारदामा प्रकाशित भएको थियो । उनी नारीको चरित्र र मनको चित्रण गर्न निकै सिपालु मानिन्छन्।

सन् १९३८ मा दार्जिलिङबाट प्रकाशित कथा कुसुम (नेपाली कथाहरूको सङ्ग्रह)मा कोइरालाका अन्य चारवटा कथा समावेश गरिएका थिए । नेपाली साहित्यको इतिहासमा मानव मनोविज्ञानमा आधारित कथा र उपन्यास लेख्ने पहिलो लेखक भएकाले राम्रो मनोवैज्ञानिक अन्तरदृष्टि भएका सामाजिक यथार्थवादीका रूपमा कोइरालाले सन् १९३८ सम्ममा आफूलाई सबैभन्दा महत्त्वपूर्ण नेपाली लघुकथा लेखकका रूपमा स्थापित गरेका थिए। दोषी चश्मा, कोइरालाको १६ लघुकथाका सङ्ग्रह सन् १९४९ मा प्रकाशित भएको थियो। उनी नेपाली साहित्यमा योगदान दिने सबैभन्दा महान् लेखकमध्ये एक हुन् भन्दा केही फरक नपर्ला ।

राजनीतिक माध्यमबाट जीवनको जिगीषा चाहने कोइरालाले साहित्य र उपन्यासको माध्यमबाट जिजीविषा चाहेका थिए । आधुनिक नेपाली चिन्तकका रूपमा कोइरालाले मानवजीवन र खासगरी नेपाली जीवनका सबै क्षेत्रमा स्पष्ट दृष्टि निर्माण गरे । पूर्वीय र पाश्चात्य चिन्तन तथा साहित्यको

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

उनीहरूको जीवनमा केही क्षण यस्ता हुन्छन्, जुन क्षणमा उनीहरूको चेतनाको स्तर उत्कर्षमा पुग्छ । तर फेरि त्यो शिखरबाट बिस्तारै तलतिर झर्छ र उनीहरूको जीवन अँध्यारोमा नै रुमलिरहन्छ । बीचबीचमा उनीहरूको चेतनाले धेरै उचाइमा उडान भर्छ । उनीहरूलाई थाहै नभई ध्यान लागेको हुन्छ। उनीहरू थाहै नपाईकन निर्विचार भएर, शान्त भएर सुनिराखेका हुन्छन्।

यही बगैंचामा बुद्ध तथा महावीर जस्ता सम्बद्ध व्यक्तिहरू आएर बसे भने उहाँहरूको चेतनाले गर्ने परिकल्पनालाई हामीले लेखेर बताउन सक्दैनौं । किनभने उहाँहरूको चेतना सधैंभरि क्लाइमेक्समैं रहने गर्छ।

कवि, सङ्गीतकार तथा चित्रकारको सृजनाशील चेतना कहिलेकाहीं माथि उठ्छ र फेरि गुरुत्वाकर्षणले त्यसलाई तानेर तल झारिहाल्छ। हामी जसलाई शिवत्व, बुद्धत्व वा भक्तको अवस्था भन्ने गर्छौं, त्यो भनेको उनीहरूको चेतनाको निवास शिखरमा छ, उनीहरूको निवास परम चैतन्यमा छ भनेको हो ।

ओशोले हामीलाई भन्नुहुन्छ– तिमी आफ्नो सम्पूर्ण जीवनलाई ध्यानमय बनाऊ। उहाँको यस भनाइको मतलब यो हो कि हामी चेतनाको शिखरमा रहेर जीवन जिउन शुरू गरौं। उहाँ भन्नुहुन्छ– तिमी सधैंभरि त्यही शिखरमा रहन सक्छौं।

यसको लागि जागरूकता साँध्न केही अभ्यासको भने जरूरत अवश्य पर्छ । ध्यानमय यात्राको सुरुआत हामी एक घण्टाको ध्यानबाट शुरू गर्न सक्छौं । त्यसलाई बिस्तारैबिस्तारै फैलाउँदै लगेर पूरा दिनरात चौबीसैं घण्टा हामी ध्यानमय हुन सक्छौं । त्यसपछि हामीले हाम्रो जीवनमा अद्भुत घटना घट्नेछ, जीवनमा परम भोग शुरू हुनेछ । हामी वास्तविक जीवन जिउन शुरू गर्नेछौं ।

यदि चौबीसैं घण्टा हाम्रो जागरूकता फैलिन सक्यो भने हाम्रो प्रेम पनि फैलिंदै जानेछ। प्रेम पनि दुई/चार जना आफन्त तथा मित्रहरूमा सीमित रहेन भने हाम्रो प्रेम पनि बाँधिएको प्रेम हुनेछैन, यो अवश्य फैलिंदै जानेछ। जसरी जसरी जागरूकता घना हुँदै जानेछ, त्यसरी त्यसरी नै प्रेम फैलिंदै जानेछ। यो प्रेम व्यक्तितर्फ सीमित नभएर पूरा समष्टिमा व्याप्त हुनेछ। यो समष्टिमा फैलिएको प्रेम भक्तिमा परिणत हुनेछ र त्यस्तो व्यक्तिको पूरा जीवन नै पूजामा परिणत हुनेछ ।

यसलाई राम्रोसँग बुझ्नु छ भने हामी सन्त कबीरको जीवनबाट केही पाठ सिक्न सक्छौं। सन्त कबीर जुलाहा थिए। उनी कपडा बुनेर त्यो कपडा बजारमा लगेर बेच्ने गर्थे। पछि उनका धेरै शिष्य भए

क्रमशः

# कोकेन : ईश्वरको वरदान र अभिशाप

वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**अब प्रश्न उठ्छ कि पात खाँदा किन वरदान र अन्य खाँदा किन विष हुन्छ ? रोचक त यो छ कि गाँजा र भाङको बीजमा कुनै हानिकारक तत्त्व नभएर पौष्टिक तत्त्व मात्र हुन्छन्, जबकि कोकाको पातमा उसका सबै विष तत्त्व मौजुद रहे पनि केही गर्दैन । यसको जवाब त यही मात्र हुन्छ कि यही त प्रकृतिको कमाल हो ।**

गाँजा, भाङको शिवबुटी हिमालयको पहाडीबाट झरेर बाँकी दुनियाँमा पुग्यो। त्यस्तै, दक्षिण अमेरिकाको पहाडीमा हुने कोकाको बिरुवा झरेर बाँकी दुनियाँमा फैलियो। अब यो त खोजको विषय हो कि गाँजा, भाङ र कोका पहाडीमा किन पाइँदैनन् जबकि दुवैको मूल पहाडी नै हो। हिमालयको गाँजा, भाङ एन्डिज पर्वतमालामा र एन्डिजको कोका बिरुवा हिमालयमा हुँदैन। एउटा तथ्य यो पनि हो कि गाँजा, भाङ त कहीं पनि उब्जाउन सकिन्छ तर कोका बिरुवा सर्वत्र उब्जाउन सकिंदैन। यो केवल अमेरिकामा हुन्छ र कोकाकोलाको रूपमा संसारका घरघरमा पुग्छ । प्राचीन पेरूमा यसलाई 'गिफ्ट अफ गड' मानिन्थ्यो र यस कारण यसको विषाक्तताको उपचार गर्नु चिकित्सकलाई धौधौ पर्थ्यो। कोकेन यति विषाक्त हुन्छ कि कहिलेकाहीं उपचार शुरू गर्दा नगर्दै मानिसको मृत्यु हुन्छ। त्यसो भए सवाल उठ्छ कि पेरूका मानिस यसलाई 'गिफ्ट अफ गड' किन भन्छन् ? १२ हजार वर्षदेखि गाँजा, भाङको प्रयोग भइरहेको छ भने तीन हजार वर्षदेखि कोकेनको प्रयोग भइरहेको छ। 'गिफ्ट अफ गड' भनेको प्रकृतिप्रदत्त कमाल हो । कोका बिरुवाका पात पेरू, बोलिभियाका मानिस अहिले पनि चपाउने गर्छन् तर त्यसले ब्रेनलाई बुस्ट गर्नुभन्दा अरू केही गर्दैन। यसले शरीरको संवेदनालाई ब्रेनमा छिटोभन्दा छिटो पुऱ्याउने काम मात्र गर्छ। यही हेरेर सन् १८८६ मा अमेरिकी कम्पनी कोकाकोलाले कोका बिरुवाको रस कोका र कोला नटलाई जसमा कैफिन हुन्छ, ९० प्रतिशत कार्बोनाइज्ड पानीमा चिनीको साथ पेय बनाउँछ, जसको नाम कोकाकोला राखिएको छ। तर त्यसभन्दा एक वर्ष पहिले नै जर्मनीमा एक कोलाकोका नामको कम्पनी थियो, जुन शायद चलेन होला । अमेरिकी कम्पनीले त्यसै नामलाई उल्टो मात्र गरेर प्रयोग गरिरहेको छ, जो कति प्रसिद्ध छ भनिरहनुपरेन। एक कोकाकोलामा १० चम्चा चिनी हुन्छ । जब मलाई यस कुराको पत्ता लाग्यो, तबसम्म म सुगरको रोगी भइसकेको थिएँ । असलमा मैले दिनको कम्तीमा १० बोतल कोकाकोला पिउने गर्थे। चिनीरोग नहुने कुरै हुँदैन। मेरा आमाबुबा, भाइहरू कसैमा यो रोग थिएन र छैन पनि। तर म भएँ। अब प्रश्न उठ्छ कि पात खाँदा किन वरदान र अन्य खाँदा किन विष हुन्छ ? रोचक त यो छ कि गाँजा र भाङको बीजमा कुनै हानिकारक तत्त्व नभएर पौष्टिक तत्त्व मात्र हुन्छन्, जबकि कोकाको पातमा उसका सबै विष तत्त्व मौजुद रहे पनि केही गर्दैन। यसको जवाब त यही मात्र हुन्छ कि यही त प्रकृतिको कमाल हो। जब त्यसलाई वास्तविक अवस्थामा प्रयोग गरिन्छ, तब हानिरहित र जब उसका घटकहरूलाई छुट्याएर प्रयोग गरिन्छ, तब हानियुक्त। एउटा अर्को उदाहरणलाई हेरौं । जब सर्पगन्धालाई वास्तविक अवस्थामा प्रयोग गरिन्छ, तब उसले विना 'साइड इफेक्ट' दिमागलाई मात्र ठण्डा गर्छ। तर जब उसको एक घटक, जसको नाम रौल्फिया अल्केल्वायड हो, प्रयोग गरिन्छ, तब उसले भयङ्कर प्रतिक्रिया गरी लेनाको देना गर्छ। के मतलब भयो यसको ? यसको एउटै मतलब भयो कि कच्चा अवस्थामा विषाक्तता समाप्त पार्ने घटक पनि सँगसँगै हुन्छ र हानि पुऱ्याउन सक्दैन । तर जब उसको घटकलाई छुट्याइन्छ, तब त्यो एक्लै पर्छ र उसको विषाक्ततालाई बेअसर गर्ने तत्त्व सँगसँगै हुँदैन । त्यस्तै, कोका बिरुवाको पात त वरदान हो तर उसबाट छुट्टिएर प्राप्त हुने तत्त्वको नाम हो– कोकेन, जुन विषसरह हो। यस्तो कोकेन एक्लै भएर हुन्छ । कोकेनलाई बेकिङ सोडासँग उमालेर एउटा क्रिस्टल प्राप्त हुन्छ, जसलाई क्रेक भनिन्छ, जो यस्तो तगडा एडिक्टिभ हुन्छ कि मानिसले अलिकति सुँघे मात्र त्यसलाई छाडन सक्दैन। क्रेक खान सकिन्छ, नाकबाट सुघ्न सकिन्छ र नसाबाट सुईको रूपमा पनि लिन



सकिन्छ। यसरी यसको प्रयोग त खुशीको लागि गरिन्छ तर यो उपस्थित हुन्छ– दुःख र मृत्युको रूपमा। कसरी ? अब आउनुस् कोकेनका प्रभाव, विषाक्तता र उपचारलाई हेरौं–

कोका बिरुवाको झाडीदार जङ्गल हुन्छ, जसमा इरिथ्रोजाइलम नामक तत्त्वबाट कोकेन बनाइन्छ । सबैभन्दा पहिले कोकाबाट कोकेनलाई अल्बर्ट निमैन नामक वैज्ञानिकले सन् १८६० मा छुटचाए। उनकै साथी फ्रायडले सन् १८८४ मा कोकेनलाई लोकल एनेस्थेसियाको रूपमा प्रयोग गरे । नोभोकेन र जाइलोकेनलाई ससाना घाउ, खटिराको चिरफार र दाँत उखेल्न प्रयोग गरिन्छ । त्यसमा यही कोकेनलाई मिसाइएको हुन्छ । कोकेन एक तगडा सिरेब्रल स्टिम्युलेन्ट हो, जसले प्रिसिनेप्टिक जंक्सनमा डोपामिन, नरइपिनेप्रिन र सिरोटिनिनको अपटेकलाई रोकिदिन्छ र दिमाग उत्तेजित हुन पुग्छ। कोकेनलाई मानिसले अफिमको हेरोइन र एम्फेटामिन नामक ड्रगसँग पनि मिलाएर खान्छन् । क्या गजब ? अफिम त होइन तर एम्फेटामिन स्वयम् एक तगडा ब्रेन उत्तेजक हो। त्यसमाथि कोकेनसँग मिलाएर खाने हो भने उसको असर कस्तो हुन्छ होला ? तर संसारमा सबै सम्भव छ। जब लगातार सर्पदंश गराएर कोही विषकन्या बन्न सक्छ भने यो पनि कुनै ठूलो कुरा भएन। कोकेन प्रयोगकर्ता पनि त्यस्तै हुन्छन्। तर समस्या तब पैदा हुन्छ, जब प्रयोगकर्ता शिकारु हुन्छ अथवा क्रोनिक प्रयोगकर्ताको स्वास्थ्यमा दयालाग्दो किसिमले गिरावट हुन्छ। त्यस्तोमा के हुन्छ, आउनुस हेरौं–

कोकेनलाई मिथाइलवेन्जोयल एगोनिन पनि भनिन्छ। यसलाई अहिले भारतको चिया उत्पादन हुने क्षेत्रमा पनि लगाइन्छ । पेरू र चिलीमा यसको गैरकानूनी खेती हुन्छ। कोकेन रङ्गहीन, गन्धहीन तर तीतो स्वादको पदार्थ हुन्छ, जसलाई खाएपछि जिब्रोको अग्रभाग र मुखको म्युकस मेम्ब्रेन लाटो हुन्छ । यो पानीमा बहुत मुश्किलले तर अल्कोहलमा सजिलै घुलनशील हुन्छ । कोकेनलाई बोरिक एसिडमा मिसाएर लोकल एनेस्थेसियाको रूपमा प्रयोग गरिन्छ, जसको मात्रा आठदेखि १५ मिलीग्राम हुन्छ ।

शिकारुले खाए वा ओभरडोज प्रयोग गरेपछि यसको विषाक्तता देखिन्छ, जुन निम्न प्रकारका हुन्छन् : एक्युट प्वाइजनिङ : यसमा मानिस पहिले त धेरै नै उत्तेजित हुन्छ तर त्यसपछि बिस्तारै अवसाद शुरू हुन्छ, जुन सिरेब्रल काटेक्सबाट शुरू भएर मेड्युलासम्म पुग्छ। ६० मिलीग्रामसम्म लिएमा आनन्दको अनुभूति हुन्छ तर त्यसभन्दा बढी लिएमा पहिले उत्तेजना, बेचैनी, बकबके हुनु र सबै रिफ्लेक्स बढी हुन पुग्छन् । अचानक कपकपीको साथ शरीरको तापक्रम धेरै माथि जान्छ । मुख र घाँटी सुक्छ तथा खान र निल्नमा कठिनाइ हुन्छ । यसको अलावा जिब्रो लाटो हुन्छ र हातखुट्टामा झनझनाहट महसूस हुन्छ । वाकवाकी त लाग्छ तर बान्ता हुँदैन । सिरदर्द, चक्कर आउने, पेटमा ऐंठन र मानिस बेहोश पनि हुन सक्छन्। आँखाको नानी फैलिन्छ, नाडीको चाल मधुरो वा छिटोछिटो हुन्छ, अत्यधिक पसिना खासगरी टाउकोको अगाडि भागमा देखिन्छ, आक्सिजनको कमीको कारण मुख र ओठ नीला हुन्छन्। शरीरको ऐंठन, हालिसिनेसन र डेल्युजन हुन्छ र मानिस कोमामा जान्छ । श्वासप्रश्वासको गैसपिङ भई रेसपिरेटरी फेल्योरले मानिस मर्छ । कोकेनको मृत्युकारक मात्रा १.२५ ग्राम हुन्छ तर हाइपोडर्मीकली धेरै कम मात्राले पनि मृत्यु हुन सक्छ । प्रायः मृत्यु केही मिनेटदेखि केही घण्टामा नै सम्पन्न हुन्छ। यही आधारभूत कुरा भएपनि मानिसको सधैंको लतले मात्रा सहने भई बढी मात्रा पनि लाग्न सक्छ ।

क्रोनिक प्वाइजनिङ : यसलाई कोकेनिज्म पनि भनिन्छ तथा यस्ता मानिसलाई कोकेन किड्स भनिन्छ । यसमा रोगीको मुख सेतो, आँखा धसेको र निद्रा नलाग्ने हुन्छ । आँखाको नानी फैलिएको, मांसपेशीको अत्यधिक क्षय, नाडीगति तेज, नपुंसकता, कमजोर याददाश्त, विशेष संवेदनामा कमी, नैतिक पतन, भिजुअल, टेक्टाइल र अन्य प्रकारका हालिसिनेसन पनि देखिन्छन् । टेक्टाइल हालिसिनेसनको मतलब हुन्छ, रोगीलाई छालामुनि बालुवा भएको वा माथि कीरा चलेजस्तो महसूस हुन्छ, जसलाई कोकेनबग भनिन्छ तथा चिलाउने हुन्छ र यी तिनै लक्षणलाई मैग्नन सिन्ड्रोम भनिन्छ । यसको अलावा चिन्ता, विषाद, उन्माद र अरूले यातना दिइरहेको भ्रम हुन्छ। जिब्रो र दाँत बिल्कुल जेट ब्लैक हुन्छ, जुन कोकेनमाथि लाइम र सैलाइभाको अन्तर्क्रियाले भएको हुन्छ। मानिसमा सेक्स पर्भरसन मुख्यतः होमोसेक्सुअलिटी देखिन्छ, जुन कोकेन खान छोडेपछि निको हुन्छ। कहिलेकाहीं यो पनि देख्नमा आउँछ कि सेक्सवर्करले यसलाई योनिमा लगाउने गर्छन्, जसले गर्दा योनीमार्ग सङ्कुचित भई कसाव महसूस गराउँछ र साथै सेन्सेसन कम हुन्छ । यसले गर्दा पुरुष साथीलाई सङ्कुचनको आनन्द हुन्छ र संवेदनहीनताले गर्दा सेक्सवर्करले बढी ग्राहकलाई सेवा दिन सक्छिन् । त्यसरी नै शीघ्रपतनका रोगीलाई ग्लैनसपेनिसमा लगाउन दिइन्छ, जुन शीघ्रपतन हुन त दिंदैन तर सेक्स राम्रोसँग सम्पन्न हुँदैन ।

अब आउनुस्, कोकेन विषाक्तताको उपचारमा : कोकेनको विषाक्तता एक्युट र क्रोनिक दुवै हुन्छ । अतः यसको उपचारको खाका पनि दुई किसिमको

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## मानहानि मुद्दामा राहुल गाँधीलाई राहत

नयाँ दिल्ली, ५ साउन/एएनआई

सर्वोच्च अदालतले काङ्ग्रेस नेता राहुल गाँधीलाई मानहानि मुद्दामा दोषी ठहर गर्न अस्वीकार गरेको छ। यद्यपि उक्त अदालतले नेता गाँधीको पुनरावेदनमाथि अन्तिम निर्णय सुनाएको छैन।

सर्वोच्च अदालतले शुक्रवार गुजरात उच्च न्यायालयको आदेशलाई चुनौती दिने काङ्ग्रेस नेता राहुल गाँधीको अपीलमा गुजरात सरकार र उजूरीकर्तालाई दश दिनभित्र जवाफ दिन सूचना जारी गरेको छ। न्यायाधीश बिआर गवईको संयोजकत्वको इजलासले त्यस्तो सूचना जारी गरेको हो। नेता गाँधीको पुनरावेदनमाथि यही साउन १९ गते सुनुवाइ हुनेछ।

गुजरात उच्च न्यायालयले आफ्नो आदेशमा आपराधिक मानहानि मुद्दामा नेता गाँधीको सजायलाई रोक्न अस्वीकार गरेको थियो। उक्त अदालतले सुरत अदालतले गरेको निर्णयलाई नै सदर गरेको थियो। मोदी उपनामलाई लिएर नेता गाँधीले गरेको टिप्पणीबाट मानहानि भएको भन्दै सुरत अदालतले दुई वर्षको जेल सजाय सुनाएको थियो। अदालतको उक्त निर्णयसँगै नेता गाँधीको संसद् पद खारेज भएको छ।

सुनुवाइका क्रममा न्यायमूर्ति गवईले आफ्नो बुबा र भाइको काङ्ग्रेस पार्टीसँग सम्बन्ध रहेको भन्दै मुद्दाबाट अलग हुन प्रस्ताव गरेका थिए तर दुवै पक्षले न्यायमूर्ति गवईको सुनुवाइमा कुनै आपत्ति



नभएको बताएका थिए।

नेता गाँधीले सन् २०१९ को अप्रिलमा कर्णाटकको कालारमा भएको चुनावीसभामा विपक्षी दलको नेताका रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कटाक्ष गर्दै 'कसरी सबै चोरको समान उपनाम मोदी हुन्छ ?' प्रश्न गरेका थिए। उनको यो अभिव्यक्तिप्रति आपत्ति जनाउँदै गुजरातका पूर्वमन्त्री पूर्णेश मोदीले सुरत अदालतमा मुद्दा दायर गरेका थिए। रासस

## बङ्गलादेशमा डेङ्गुबाट १५५ जनाको मृत्यु

ढाका, ५ साउन/सिन्हवा

बङ्गलादेशमा डेङ्गुबाट मृत्यु हुनेको सङ्ख्या १५५ पुगेको छ। बिहीवार थप नौजनाको मृत्यु भएसँगै डेङ्गु ज्वरोबाट ज्यान गुमाउनेको सङ्ख्या १५५ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ। स्वास्थ्य मन्त्रालय अन्तर्गतको डिजिएचएसले दिएको तथ्याङ्क अनुसार जुलाईको पहिलो २० दिनमा गत महीना पाँच हजार ९५६ जनामा लामखुट्टेको टोकाइबाट सर्ने रोगबाट सङ्क्रमित भएपछि देशभर डेङ्गुका १९ हजार ५६९ जना सङ्क्रमित थपिएका छन्।

महानिर्देशनालयका अनुसार बिहीवार बिहान एकै दिन राजधानी ढाकामा ८४५ सहित कुल एक हजार ७५५ नयाँ बिरामी थपिएका छन्। यो वर्षको प्रारम्भदेखि अहिलेसम्म बिरामीको कुल सङ्ख्या २७ हजार ५४७ पुगेको छ। महानिर्देशनालयले सर्वसाधारणलाई झुलभित्र सुत्नेलगायत आवश्यक सुरक्षाका उपाय अपनाउन आग्रह गर्दै लामखुट्टेको प्रजननस्थल पहिचान एवं नष्ट गर्ने 'एन्टी लार्भा' अभियान सञ्चालन गरिएको बताएको छ। रासस

## कम्बोडियामा मदिरा बिक्री र सेवनमा प्रतिबन्ध

नोम पेन्ह, ५ साउन/सिन्हवा

कम्बोडियाले पर्सि आइतवार हुने आमनिर्वाचनलाई दृष्टिगत गरी मदिरा बिक्री र सेवनमा प्रतिबन्ध लगाएको छ। सरकारले भोलि शनिवार र पर्सि आइतवार सबै प्रकारका मदिराको सेवनमा प्रतिबन्ध लगाउने निर्देशन जारी गरेको छ।

दक्षिणपूर्वी एशियाली देश कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुनसेनले हस्ताक्षर गरी शुक्रवार जारी गरेको निर्देशनमा सामाजिक विकृति रोक्न तथा आमनिर्वाचन स्वतन्त्र एवं निष्पक्ष वातावरणमा सम्पन्न गर्ने उद्देश्यले निषेधाज्ञा जारी गरिएको उल्लेख छ।

"सबै कम्बोडियाली, विदेशी, व्यापारी र कम्बोडियाका विक्रेताहरूलाई चुनावको एक दिनअघि र जुलाई २२ मा र निर्वाचनको दिन जुलाई २३ मा बिक्री र सेवनमा प्रतिबन्ध लगाइएको छ," निर्देशनमा भनिएको छ।

राष्ट्रियसभाका १२५ सिटका लागि आइतवार हुने निर्वाचनमा १८ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्ने राष्ट्रिय निर्वाचन समितिले जनाएको छ। उक्त निर्वाचनमा ९७ लाखभन्दा बढी मतदाताले भाग लिनेछन्।

पाँच वर्षअघि भएको पछिल्लो आमनिर्वाचनमा हुनसेनको सत्तारूढ कम्बोडियन पिपल्स पार्टी (सिपिपी)ले राष्ट्रियसभाका सबै १२५ सिट जितेको थियो। रासस

## पर्सामा नयाँ उद्योग दर्ता घट्यो, गत वर्षमा एक हजार ८९ मात्र दर्ता

वीरगंज, ५ साउन/रासस

पर्सामा आर्थिक वर्ष २०७९/८० मा नयाँ उद्योग दर्तामा कमी आएको छ। घरेलु तथा साना उद्योग कार्यालयका अनुसार आव २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका छन्। जबकि आव २०७८/७९ मा एक हजार ४८० उद्योग दर्ता भएका थिए।

आव २०७९/८० मा नयाँ उद्योग दर्तामा कमी आउँदा उद्योगको लगतकट्टा गराउनेको सङ्ख्या भने बढेको छ। सो कार्यालयका अनुसार आव २०७९/८० मा १७७ वटा उद्योगको लगतकट्टा गरिएको छ भने अघिल्लो आव २०७८/७९ मा १५२ उद्योगका लगतकट्टा भएको थियो।

विश्वव्यापीरूपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पूँजीको अभावलगायतका कारणले नयाँ उद्योग दर्तामा कमी आएको घरेलु तथा साना उद्योग कार्यालय, पर्साका प्रमुख धनञ्जयकुमार सिंहले बताए।

आव २०७९/८० मा एक हजार २७५ उद्योगको नवीकरण, १६५ वटाको पूँजी वृद्धि, ३३ वटाको ठाउँसारी, ८४ वटाको नामसारी गरिएको सो कार्यालय जनाएको छ। ती शीर्षकबाट आव २०७९/८० मा रु एक करोड छ लाख ३९ हजार २५० राजस्व सङ्कलन भएको प्रमुख सिंहले जानकारी दिए।

उक्त आवमा ६५४ पुरुष र ४५० महिला गरी एक हजार १०४ जना उद्यमी थपिएका छन् भने तीन हजार २४७ पुरुष र एक हजार २१३ महिला गरी चार हजार ४६० जनाले रोजगार पाएका प्रमुख सिंहको भनाइ छ।

आव २०७९/८० मा उद्यमी सिर्जना तथा सीप विकास, स्केलअप र भगत सर्वजीत तालीम कार्यक्रम अन्तर्गत ३६२ पुरुष र ९८ महिला गरी ४६० जनालाई सीपमूलक तालीम दिइएको प्रमुख सिंहले बताए।

यससँगै पर्सा जिल्लामा पछिल्लो छ वर्षको अवधिमा सात हजार दुई नयाँ उद्योग थपिएका छन्। गत आव २०७४/७५ देखि आव २०७९/८० सम्ममा सेवामूलक उद्योग, कृषि तथा वन्यजन्य, उत्पादन उद्योग र पर्यटन गरी सात हजार दुई नयाँ उद्योग दर्ता भएका घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्साले जनाएको छ।

गत आव २०७४/७५ देखि आव २०७९/८० सम्मको अवधिमा नयाँ उद्योग दर्ता, उद्योगको नवीकरण र उद्योगको लगतकट्टालगायतका शीर्षकबाट रु छ करोड ९७ लाख ९२ हजार ७८० राजस्व सङ्कलन भएको कार्यालय प्रमुख सिंहले बताए।

### आइटी आर्मी ...

प्राथमिकतामा राख्न आग्रह गरे। विश्वको वातावरण प्रदूषित भइरहेको भन्दै उनले वृक्षारोपण गरेर वातावरण जोगाउन आग्रह गरे। गौर नगरपालिका–६ को आधारभूत विद्यालय सबगढामा अशोकको बिरुवा रोपिएको छ।

कार्यक्रममा पार्टीका क्षेत्रीय संयोजक उमाशङ्करप्रसाद साह, केन्द्रीय सदस्य सिमलकुमारी साहलगायतको सहभागिता थियो।

### कोकेन ...

हुन्छ। एक्युटमा मानिसको जीवन बचाउनु जरुरी हुन्छ, त्यस कारण उसको उपचार सधैं आइसियूमा नै गर्नुपर्छ किनभने कहिलेकाहीं त उपचार शुरू गर्नुभन्दा अगाडि नै मानिसको मृत्यु हुन्छ। त्यसैले सबैभन्दा पहिले यदि रोगीले कोकेनलाई मुखबाट लिएको छ भने पेटलाई मनतातो पानी, पोटाशियम परमैंग्नेट वा चारकोल वा टैनिकएसिडले सफा गरिन्छ। मानिसलाई कन्भल्सन हुन्छ, जसको लागि इथर सुँघाइन्छ तर मोर्फिन कहिले पनि दिनुहुँदैन किनभने त्यसले रेसपिरेटरी फेल्युरलाई बढाउँछ। यदि नाकबाट लिएको छ भने नाक र घाँटीलाई पनि सफा गरिन्छ। यदि सबक्युटेनियस रूटबाट लिएको छ भने उसकोमाथि एउटा टर्निकेट बाँधिन्छ ताकि कोकेन माथि जान नसकोस्, जसरी साँपले टोकेको बेला प्रायः सबैले गर्छन्। मानिसलाई आइसियूमा कोल्टे पारेर सुताइन्छ। निरन्तर आक्सिजन दिनु आवश्यक हुन्छ र बढी रेसपिरेटरी डिप्रेसन छ भने आर्टिफिसियल रेसपिरेसन पनि आवश्यक हुन्छ तथा सक्सिनाइलकोलिनक्लोराइड नामक औषधि १० देखि २० मिलीग्राम मात्रामा धेरै सावधानीपूर्वक र बिस्तारै दिनुपर्छ। एमाइल नाइट्रेट कोकेनको एन्टिडोट हो, जसलाई इनहेलेसनको रूपमा दिइन्छ ताकि कोकेनको विषाक्तता छिटो कम हुन सकोस् किनभने इनहेलेसन गरियो भने उसको प्रतिक्रिया छिटो हुन्छ। अनिद्राको लागि भेलियम १० देखि २० मिलीग्राम आइएम वा आइभी दिइन्छ। कोकेनले मुटुमा पनि नोक्सान पुऱ्याउँछ, जसको लागि प्रोपेनोलोलहाइड्रोक्लोराइड हरेक मिनेटमा एक मिलीग्रामको हिसाबले आठ मिलीग्रामसम्म दिइन्छ।

क्रोनिक विषाक्तताको उपचारमा सर्वप्रथम कोकेनलाई तुरुन्त बन्द गरिन्छ। त्यसपछि विथड्रवल सिन्ड्रोम शुरू गरी मानिसको उपचार हुन्छ। यसको लागि इमाडिओल नामक औषधि हुन्छ, जुन छोडेपछिको लक्षण कम गर्छ। वजन बहुतै कम हुन्छ र उसको लागि नर्सिङ र डाइटको व्यवस्था गरिन्छ। निद्राको लागि भेलियम, गैस्ट्रिक गडबडीको लागि उचित इन्जाइम, ब्रोमेइरेफोटिन जो डोपामिनर्जिकसँग लड्छ, एमान्टाडिन जो पार्किन्सनलाई रोक्छ तथा डेसिप्रामिन, इमिप्रामिन र ट्रेजोडोन जसले क्रमशः क्रेभिङलाई र डिप्रेसनलाई रोक्छ। यसको अलावा मनोविश्लेषण र व्यावहारिक उपचार पनि आवश्यक हुन्छ, जसमा परिवारदेखि समाजको सहानुभूति आवश्यक हुन्छ। अस्तु

### पोखरिया...

आएको देखिंदैन। प्रतिवादीको नाम शिवजी हो भन्ने कुनै लिखित अभिलेखबाट देखिन आएको छैन। यस अवस्थामा जग्गाको श्रेस्ता अप्रमाणित नै रहेको देखिंदा साबिक कि.नं. ३६, ३७ हाल कायम कि.नं. ४९, ५० को जग्गा प्रतिवादीकै हो भनी पुष्टि हुन सकेको छैन।

यसैगरी, बाँकी तीन कित्ता जग्गा सा.कि.नं. ५५, ५६, ५७ हाल कि.नं. क्रमशः ५२, ५३, ६६ को सम्बन्धमा अध्ययन गर्दा उपरोक्त जग्गाहरू नापीको समयमा रामजानकी मठका नाममा दर्ता भए तापनि सो दर्ता भूलबाट भएको हो। यथार्थमा उपरोक्त जग्गाहरू पनि शिवजी मन्दिरको हो भनी वादीले जिकिर लिएको पाइन्छ। यस सम्बन्धमा पुनरावेदन अदालत हेटौंडामा सो रामजानकी मठका संस्थापकका सन्तान भिखारी महतोले आफ्नो बयानको स.ज. ३ मा कि.नं. ५२, ५३ र ६६ का जग्गाहरू शिवमन्दिरको हकभोगको जग्गा हो भन्ने उल्लेख गरेको देखिन्छ। यसै क्रममा सोही रामजानकी मन्दिरकै पुजारी रामनाथ दास वैरागीसँग पनि पुनरावेदन अदालतले बुझ्दा निजले आफ्नो बयानको स.ज. ३ मा उपरोक्त तीन कित्ता जग्गा रामजानकी मठको नाउँमा दर्ता भएको जग्गा हो भने तापनि स.ज.४ मा उक्त जग्गाहरू के कसरी रामजानकी मठको नाउँमा दर्ता कायम हुन आयो सो सम्बन्धमा स्पष्ट पार्न सोधनी हुँदा हाल खुलाउन सक्तिनँ समय पाऊँ भनी बयान गरेको देखिन्छ। तर मिसिल संलग्न कागजातबाट निजले सो सम्बन्धमा ठोस प्रमाणसहित पुनः खुलासा गरेको भने पाइँदैन। यसर्थ मोहीले भूलबाट रामजानकी मठ लेखाए पनि सो जग्गा वास्तवमा त्यहाँ शिवमन्दिर नै रहे भएकोले शिवजी मठको जग्गा देखिन आउँछ।

तसर्थ हरिहरपुर बिर्ता गाविसको पत्र तथा अ.ब. १३९ नं बमोजिम बुझिएका व्यक्तिहरूको बयानको आधारमा समेत विवादित कि.नं. ५२, ५३, ६६ समेतका जग्गामा वादी दाबी नपुग्ने ठहर गरेको शुरू पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी सो जग्गाहरूमा शिवजी मठ पोखरियाको हक कायम भई दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनु।

उक्त रायमा म सहमत छु – न्यायाधीश।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी। कम्प्युटर गर्ने : विश्वराज पोखरेल। इति संवत् २०६५ साल कात्तिक १० गते रोज १ शुभम्। क्रमशः

### आजको राशिफल

| | |
|---|---|
| मेष – सन्तानसुख | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – धनलाभ |
| सिंह – अन्नलाभ | कन्या – खर्चवृद्धि |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – ईश्वरभक्ति | मकर – शारीरिककष्ट |
| कुम्भ – नारीसुख | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### विपी कोइराला ...

अनुशीलनबाट उनमा यस्तो स्पष्ट दृष्टिको विकास भएको हो भन्दा केही फरक नपर्ला। उनका सिर्जनामा फ्रायडवादको ठूलो प्रभाव देखिन्छ।

सुन्दा आश्चर्य लाग्छ, उनको साहित्यिक यात्राको समय भनेको विसं २०१७ देखि २०२५ सम्म मात्र हो। कारावास बसाइको त्यो अवधिलाई उनले भरपूर सदुपयोग गरे। यस अवधिमा उनले छवटा उपन्यास लेखे। प्रकाशनका दृष्टिले पहिलो उपन्यास तीन घुम्ती (२०२५) हो भने अन्तिम उपन्यास बाबु, आमा र छोरा (२०४५) हो। उनका अरू चारवटा उपन्यास यस प्रकार छन्– नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन र हिटलर तथा यहुदी।

उनी यति विलक्षण प्रतिभाका धनी थिए कि तीनदेखि आठ दिनका बीचमा एउटा उपन्यास लेखिसक्थे। छोटकरीमा भन्दा विपीको उपन्यास लेखनमा उनकै प्रतिभाव्युत्पत्ति र अभ्यास तथा कारावासको वातावरण मूल कारक र अनुप्रेरक रहेका छन्।

२०२५ देखि २०२७ सम्मको अवधिलाई उनको पहिलो चरणको रूपमा लिइन्छ भने २०३६ देखि २०४५ सम्मको करीब एक दशक दोस्रो चरणको रूपमा लिइन्छ। उनका प्रत्येक उपन्यासमा कुनै न कुनै रूपमा मानवीय समस्या, नियति, अस्तित्व र चिन्तनलाई सर्वोपरी महत्त्व दिइएको पाइन्छ।

उनको तीन घुम्तीमा नारीको जीवनमा आइपरेका विभिन्न सङ्कटका बारेमा व्याख्या गरिएको छ। नारी अस्तित्वका समस्याको खोज र नियतिले देखाएका समस्याहरूको भोक्ता नारी आफैं हो भन्ने चिन्तनमा इन्द्रमायालाई प्रस्तुत गरिएको छ।

नरेन्द्र दाइ मानव नियतिको सफल अभिव्यक्ति हो। यस उपन्यासका पात्रहरू नरेन्द्र, गौरी, मुनरिया कसैको पनि दोष देखिंदैन तर उनीहरू पूर्णतः दोषी बनेका छन्। कोही कसैसँग र स्वयंमा सन्तुष्ट छैनन्।

सुम्निमामा कोइराला लेख्छन्– आध्यात्मिक र भौतिक तत्त्वको सहअस्तित्वमैं मानवजीवनको पूर्णता र सफलता निर्भर छ। किराँती कथालाई आधार मानी लेखिएको यस उपन्यासमा 'सर्वधर्म समन्वय'को दर्शन अभिव्यक्त भएको छ। यस उपन्यासले जातीय, सांस्कृतिक, भाषिक र मानवीय सहअस्तित्वको कलात्मक सन्देश दिन्छ भने मानिसलाई कृत्रिम दैवीवृत्ति छाडेर सहज मानववृत्ति अङ्गीकार गरी जीवनको गतिलाई अगाडि बढाउन पनि सल्लाह दिन्छ।

उनका मोदिआइन र हिटलर तथा यहुदी दुई उपन्यास गीतादर्शनमा आधारित छन्। कोइरालाका यी दुई उपन्यासमा एउटाले नेपाली सन्दर्भ लिइएको छ भने अर्कोले अन्तर्राष्ट्रिय। उनले धर्मनिरपेक्षरूपमा गीताको अध्ययन गरी उपन्यासको माध्यमबाट आफ्नो नवीन दृष्टि प्रकट गरेका छन्। धर्मनिरपेक्ष भएर गीताको अध्ययन गर्दा त्यहाँ कर्तव्यपालन, धर्मरक्षा र राष्ट्रवादको नाममा अतिमानवीय शक्तिद्वारा अभिप्रेरित र निर्देशित नरसंहार, मानवताको अपमान र विध्वंसकारी युद्ध विभीषिकाका दृश्य देखिन्छन्। यी सिर्जनाहरूबाट कोइराला भन्न चाहन्छन् कि हामी ठूलो मान्छे होइन असल मान्छे बन्नुपर्छ।

उनको अन्तिम उपन्यास बाबु, आमा र छोराान मानव नियतिको प्रबलतम नमूना र कठोर दण्डको कलात्मक अभिव्यक्ति पाइन्छ। यस उपन्यासमा चिन्तनमूलक, तर्कपूर्ण र संस्मरणात्मक अभिव्यक्तिद्वारा नियतिको शिकार नायिकाको उमेरका तीन मनोदशाको अध्ययन गरिएको छ। उपन्यासकी मूलपात्र उमा भाग्यको (नियतिको) दिशानिर्देशमा तीनवटा निर्णय लिन बाध्य हुन्छिन्। त्यसैले यस पुस्तकको शुरूमा नामकरण 'त्रिभङ्गा उमा' थियो तर पछि प्रकाशित हुँदा यसको नाम बाबु, आमा र छोराको नाममा पाठकहरूको माझ आइपुग्यो।

कोइराला प्रजातान्त्रिक समाजवादी राजनीतिक चिन्तक र विश्लेषक हुन् भने उनकै शब्दमा उनी साहित्यतर्फ अराजकतावादी हुन्। उनी साहित्यकारका रूपमा एक बहुमुखी प्रतिभा हुन् भने मनोवैज्ञानिक कथालेखन र वैचारिक उपन्यासलेखन उनका विशिष्ट उपलब्धिहरू हुन्। साहित्यका तर्फबाट उनले पूर्वीय तथा पाश्चात्य चिन्तन, दर्शन र कलाको अध्ययनबाट वर्तमान मानव समाज र विशेषगरी नेपाली समाजसापेक्ष मौलिक चिन्तनको विकास गरी आफ्नो कुशल साहित्यशिल्पका माध्यमबाट त्यसलाई समायोजन गरेका छन्।

कोइरालाका सबै कृतिमा कतै पश्चिमी, कतै पूर्वीय दर्शन र चिन्तनको प्रभाव देखिए पनि कुनै एक धर्म र दर्शनको एकपक्षीय यथावत् प्रयोग गर्न यी कृतिहरू लेखिएको पाइँदैन, बरु सबै धर्म र दर्शनको सार समाहित गरेर मौलिक मानवीय जीवनमूल्यलाई औपन्यासिक शिल्प प्रदान गर्न लेखिएका छन्।

अन्त्यमा,

लोकतान्त्रिक आन्दोलनको गतिमा उनको राजनीतिक कोर्सलाई अग्रगामी चिन्तनको रूपमा लिइन्छ। उनले आफ्नो जीवनका अधिकांश समय अधिनायकवादी राजनीतिको विरुद्धमा बिताए। राणा र पञ्चायतको कोपभाजनबाट उनले धेरै दुःख पाए। वास्तवमा उनले लामो समय जेल र निर्वासनमैं बिताए। तथापि एक राजनीतिज्ञको रूपमा र एक साहित्य स्रष्टाका रूपमा उनले आफ्नो बेग्लै पहिचान बनाएका छन्। विश्व मानचित्रमा उनलाई संसारका सबै मुलुकमा एक प्रेरक राजनीतिज्ञ र साहित्यकारको रूपमा लिने गरिन्छ। हामी नेपालीलाई उनले गर्विलो बनाएका छन्।








वीरगंज महानगरपालिका–२६ ट्याङ्करमार्फत पानी वितरण गरिँदै । सो टोलमा चापाकल सुखेपछि पानीको चरम अभाव भएको छ । महानगरप्रमुख राजेशमान सिंहको पहलमा सो वडामा पानी पठाएपछि पानी भर्दै टोलवासी । तस्वीरः नितेश कर्ण

# दुई स्थानमा आयोजित कार्यक्रममा ७७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ साउन/

वीरगंजका दुई ठाउँमा शुक्रवार रक्तदान कार्यक्रम सम्पन्न भएका छन् । नेपाल टेलिकम क्षेत्रीय कार्यालय, वीरगंजमा भएको रक्तदान कार्यक्रममा एकजना महिलासहित २२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

रक्तसञ्चार केन्द्र, वीरगंजमा रगतको अभाव भएकोले शुक्रवार नै वीरगंज महानगर–३ छपकैयास्थित एमइएस स्कूलमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेको लियाकत अलीले बताए ।




कुबेर थापा क्षत्री, समसुल होदा, मियाज ठकुराई, वानिस अन्सारी, अमन चौरसिया, सदी महतो, आकाश पटेल, नेराज मन्सुरीलगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले जानकारी गराएका छन् ।

कार्यक्रममा सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुद्दीन ठकुराई, जिपी फाउन्डेशनका प्रदेश अध्यक्ष महम्मद सहाबुद्दीन, रक्तसञ्चार केन्द्रका राजन श्रीवास्तवलगायतको सहभागिता थियो ।

# साधुसन्त, पुजारीलाई चुलो वितरण

प्रस, सेढवा ४ साउन/

जगरनाथपुर गाउँपालिकाले मठमन्दिरका पुजारी तथा साधुसन्तलाई विद्युतीय चुलो वितरण गरेका छन् । गापा अध्यक्ष श्रीकान्तप्रसाद यादवले वडा नं १ स्थित रामजानकी मन्दिर, शिवमन्दिर, वडा नं ३ स्थित राममन्दिर, शिवमन्दिर र वडा नं ५ स्थित दुई मन्दिरमा एक/एक थान इन्डक्शन चुलो वितरण गरेका थिए ।

विद्युतीय चुलो पाएपछि पुजारीहरूलाई भोजन बनाउन सहज हुने र ग्याँस तथा दाउराको जोहो गर्न नपर्ने बताए ।

चुलो वितरण टोलीमा लक्ष्मी साह तेली, सुभाषकुमार यादव, बिहारी महतो नूनियालगायत वडाध्यक्षहरूको सहभागिता थियो ।




### मधेसमा पैदल अनुसन्धान ...

सङ्घीय निजामती ऐन, शिक्षा ऐन नबनेको, मधेस प्रदेश सरकारले केन्द्र सरकारविरुद्ध छवटा रिट दायर गर्नाले पनि नेपालमा सङ्घीयता कार्यान्वयनमा चुनौती थपिएको प्रस्ट पारेका थिए ।

सङ्घीयताले नेपालमा राष्ट्रियताप्रति कुनै खतरा नदेखिए तापनि सङ्घीयता खारेजीको लागि पनि केही शक्ति सक्रिय भएकोप्रति पनि सरोकारवालाहरू गम्भीर बन्नुपर्ने उनको सुझाव थियो ।

कार्यक्रममा लेक्चरर वीरेन्द्र साह, डा सुषमा तिवारी द्विवेदी, पोखरीया नपाकी पूर्वउपप्रमुख सलमा खातुन, नेपाली काङ्ग्रेसका नेता कञ्चन झा, माओवादी नेता सलाउद्दीन अहमदलगायतले आआफ्नो मन्तव्य राखेका थिए ।

### समयमा मल ...

नपरेको बताए । साथै सीमामा खटेका नेपाली तथा भारतीय सुरक्षाकर्मीले भारतबाट मल ल्याउँदा दिने दुःख भोग्नु नपरेको बताए ।

धानबालीमा यसपछि रोपाइँको करीब ३५–४० दिनपछि प्रतिकट्ठा तीन किलोको दरले युरिया मल छर्ने गरिन्छ । त्यसपछि बाला निस्किनुभन्दा पहिले एकपटक प्रतिकट्ठा दुई किलोसम्म युरिया मल पुनः छर्नुपर्ने हुन्छ ।

जीराभवानी गापा–२ स्थित जय मारुतीनन्दन कृषि सहकारी संस्था, सेढवाका अध्यक्ष सत्यनारायण साहले यसपटक समयमा किसानहरूको लागि मल आएकाले वितरण गरिएको बताए । उनले पर्याप्त मल भएकाले मल भण्डारण गरिएको र किसानलाई मलको अभाव नहुने बताएका छन् ।




Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



## भूक्षय न्यूनीकरणका उपाय अपनाऔं

- बस्तीको माथिल्लो भागमा कुलो बनाइ पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमीन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

**भूक्षयबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# सोलखपुर माविमा स्काउटको दीक्षान्त समारोह

प्रस, परवानीपुर, ५ साउन/

वीरगंज–३१ बेलवाको नेपाल राष्ट्रिय आधारभूत माध्यमिक विद्यालयमा स्काउटको दीक्षान्त समारोह सम्पन्न भएको छ ।

सोलखपुर माविको सहयोग एवं स्काउट वीरगंज महानगरको आयोजनामा सम्पन्न कार्यक्रममा वीरगंजका नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले संयुक्तरूपमा सोलखपुर माविका ६४ जना विद्यार्थीलाई दीक्षान्त गराएका थिए ।

स्काउट वीरगंज एवं पर्साका अध्यक्ष राजन जोशीको अध्यक्षतामा एवं स्काउटका श्याम केसीको सहजीकरणमा सम्पन्न कार्यक्रममा सांस्कृतिक कार्यक्रम एवं क्याम्प फायरसमेत गरी दीक्षान्त समारोह मनाइएको थियो ।




२०११ सालमा स्थापना भएको सो विद्यालयमा १२ सय विद्यार्थी अध्ययनरत छन् भने हाल कक्षा १२ सम्म अध्यापन हुँदै आएको छ भने सिटिइभिटिईको कार्यक्रम पनि सञ्चालन भइरहेको विद्यालयका प्रअ राजु मालीले बताए । स्काउटले विद्यार्थीको अनुशासन, संस्कार र व्यवहारमा सुदृढीकरण गर्ने भएकोले त्यसमा विद्यार्थीहरू सक्रिय भएर लाग्नसमेत वक्ताहरूले सुझाव दिएका थिए ।

# आइटी आर्मीको वार्षिकोत्सवमा वृक्षारोपण

प्रस, रौतहट, ५ साउन/

आम जनता पार्टीको भ्रातृ सङ्गठन आइटी आर्मीको दोस्रो वार्षिकोत्सवको अवसरमा शुक्रवार रौतहटमा वृक्षारोपण गरिएको छ ।

आइटी आर्मीका क्षेत्रीय संयोजक प्रदीप पटेलको अध्यक्षतामा आम जनता पार्टीका केन्द्रीय महासचिव उपेन्द्र साहले वृक्षारोपण गरी कार्यक्रम शुरू गरेका थिए । कार्यक्रममा उनले राजनीतिक दलहरूमा विकृति फैलिएकाले जनता त्राहिमाम भएको बताए । उनले युवाहरूलाई रोजगार दिन नसकिएको र विदेशमा रोजगारमा जाने युवाहरू प्रतिदिन बाकसमा लाश बनेर आउने गरेको बताए ।

उनले मुलुकलाई सही दिशामा लैजान तथा स्वरोगार दिन कृषि क्षेत्रलाई

(बाँकी पाँचौं पातामा)

# छपकैयाबाट तीनजना युवक पक्राउ



कुटपिटको भिडियो फुटेज । तस्वीरः सौजन्य

प्रस, वीरगंज, ५ साउन/

वीरगंज महानगरपालिका–३ छपकैयाबाट तीनजना युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा छपकैया निवासी अजुरद्दीन अन्सारी, साहिल राजालगायतका रहेको प्रहरीले जनाएको छ ।

उनीहरूमाथि अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए । बिहीवार दिउँसो सो वडाको कैलाश कोल्ड स्टोरेजनजीक बाटोमा गाडी रोकिएको विषयमा विवाद भएको थियो र पक्राउ परेका युवकहरूले गाडीधनीलगायत निजका आफन्तहरूमाथि कुटपिट, दुर्व्यवहार गरेका थिए ।

ती युवाहरूले सो कार्य जानाजान गरेको देखिएपछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो । उनीहरूले गरेको कुटपिटको घटना भिडियो फुटेजमार्फत सार्वजनिक भएको थियो र सोमा युवकहरू दोषी देखिएपछि प्रहरीले पक्राउ गरेको हो ।

हिजो दिउँसोदेखि यो घटनालाई लिएर सो वडामा विवाद सिर्जना गराउन खोजिएको थियो तर ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरेर स्थानीय जनप्रतिनिधिहरूसमेतले विवादलाई बढ्न दिएका थिएनन् ।




वीरगंज महानगर–१० आदर्शनगरस्थित क्लासिक होटल नालामाथि बनेको भनेर भत्काएको महानगरले भग्नावशेष उठाउँदै र कर्पोरेट डेभलपमेन्ट बैंक खाली गरिँदै । तस्वीरः नितेश कर्ण